बौद्ध मासिक

# धर्म चक्षु

वर्ष-१२, अङ्क-६, पूर्णाङ्क-६८, पुस २०६६, बुद्ध संवत् २५५३, ने.सं. ११३० Nov./Dec. 2009



लुम्बिनीको [illegible]

# DHARMA CHAKSHU

मूल्य रु. २०।

# हार्दिक शुभकामना

तमू जातिको १२ वर्ग हुन्छन् । ती वर्ग प्रत्येक वर्ष फेरिन्छन् । वर्ग फेरिनु भनेको नयाँ वर्ष आउनु हो । यस वर्ष वर्ग फेरिएर

**तो (बाघ) वर्ग**

आएको छ । हामी यो नयाँ वर्ष तो ल्होसारको सुखद् उपलक्ष्यमा देश विदेशमा रहेका सम्पूर्ण तमू बन्धुहरूको हार्दिक सुख, शान्ति, उन्नति र प्रगतिको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

## बौद्ध अर्घौं सदन परिवार

गौतम बुद्धमार्ग, रामघाट, पोखरा-१०

फोनः ०६१-५३०३६१

# हार्दिक शुभकामना

पुस १५ गते तमूहरूको महान पर्व ल्होसार प्रारम्भ हुन्छ ।

यस वर्ष वर्ग फेरिएर

**तो (बाघ) वर्ग**

हामोसामु आएको छ । यस तो ल्होसारको महान उपलक्ष्यमा हामी सम्पूर्ण नेपालीहरु तथा तमू दिदीबहिनी दाजुभाइहरूमा हार्दिक सुख, शान्ति, ऐश्वर्य र आरोग्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर्म तमू

केन्द्रीय अध्यक्ष

## तमू धिं, नेपाल

पोखरा



बौद्ध मासिक

# धर्म चक्षु

# The Dharma Chakshu

(Buddhist Monthly)

POKHARA, NEPAL



धर्मशीला बुद्धविहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोन: ०६१-५२०५१७

वर्ष-१२, अङ्क-६, पूर्णाङ्क-६८, पुस २०६६, बुद्ध संवत् २५५३, ने.सं. ११३० Nov./Dec. 2009



प्रधान सम्पादक
**भिक्षु श्रद्धानन्द**
५२०५१७

प्रकाशक
**ज्ञानमाला संघ**

व्यवस्थापक
**अनागारिका कर्मशीला**
(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

सह-व्यवस्थापक
**युवा बौद्ध संघ**

काठमाडौं प्रतिनिधि
**सविता धाख्वा शाक्य**

लुम्बिनी प्रतिनिधि
**कविन्द्र बज्राचार्य**

सहयोगीहरू
**बलबहादुर अधिकारी**
**अञ्जली जोशी**

सम्पर्क कार्यालय
सम्पादक
**तिलकमान गुभाजू**
१४४, नयाँबजार, पोखरा-८
फोन: ५२०२४६
E-mail: dharmachakshu@gmail.com

मुद्रण
**शिव शंकर अफसेट प्रेस**
पृथ्वीचोक, पोखरा
फोन: ०६१-५२८०७३

**मूल्य: रु २०।-**


## विषय-सूची


| | | |
|---|---|---|
| सम्पादकीय | | २ |
| लुम्बिनीलाई नियाल्दा | भिक्षु सागरधम्म | ३ |
| लुम्बिनी विकास संक्षिप्त चर्चा | छत्रराज शाक्य | ६ |
| कपिलवस्तुको पीडा | नारायणप्रसाद पौडेल | ११ |
| लुम्बिनीको आर्थिक महत्त्व | गोविन्दबहादुर थापा | १३ |
| उत्खनन् र विकासको पर्खाइमा... | तिलकमान गुभाजू | १५ |
| किन "लाइट अफ एसिया" मात्रै | निर्मलमणि अधिकारी | १८ |
| लुम्बिनीको सम्मानमा लुम्बिनी दिवस... | सम्यक संबोधि प्राणपुत्र | १९ |
| Negative Impact of Industrialization along... | Ven. Vivakananda | २१ |
| समाचार | | २८ |


हाम्रो आफ्नो मौलिक धर्म, दर्शन लगायतका विशिष्टता विश्वसामु प्रचार प्रसार गरी नेपाल र नेपालीको गरिमा र प्रतिष्ठा उच्च बनाउनका लागि नेपाललाई बौद्ध देश घोषणा गर्नुपर्दछ। नेपाल बौद्ध देश हुनुपर्दछ।

**सम्पादकीय**

# लुम्बिनी: थोरै लगानी गरी धेरै आम्दानी हुने क्षेत्र

१. शाक्यमुनि गौतम बुद्धको जन्मस्थल लुम्बिनी अत्यन्त पवित्र र महत्त्वपूर्ण छ । यो यस्तो स्थल हो जहाँ विश्वका सम्पूर्ण बौद्धहरू आफ्नो जीवनमा कमसेकम एक पटक आएर दर्शन अवलोकन गर्न चाहन्छन् । लुम्बिनीमा आएर दर्शन अवलोकन गरेपछि उनीहरू आफ्नो जीवनको इच्छा आकांक्षा पूरा भएको सम्झन्छन् । भारतका सम्राट अशोकले ईसापूर्व तेस्रो शताब्दीमा यहाँ आएर दर्शन गरी "यहाँ भगवान बुद्ध जन्मेका हुन्..." भन्ने वाक्यांश कुँदेर ढुङ्गाको स्तम्भ स्थापित गरे । जसलाई आज हामी अशोक स्तम्भ भन्ने गर्दछौं । चिनिया तीर्थयात्रीहरू फाहिचान पाँचौं शताब्दीमा र हयन साङ सातौं शताब्दीमा आएर आ-आफ्ना यात्रा वर्णन लेखेका छन् । जुन यात्रा वर्णन महत्त्वपूर्ण दिग्दर्शनका रूपमा रहेका छन् । कर्णाली प्रदेशका राजा रिपु मल्लले तेह्रौं शताब्दीमा आफू लुम्बिनीको दर्शन गर्न आएको प्रमाणित गर्न अशोक स्तम्भमा आफ्नो नाम अङ्कित गरेका छन् ।


२. त्यसपछि ४/५ सय वर्ष लुम्बिनी विस्मृतिको गर्तमा धकेलियो । यो घना जंगलमा परिणत भयो । १९औं शताब्दीमा आएर जनरल खड्ग शमशेर र डा. फुहररले अशोक स्तम्भ पत्ता लगाएपछि लुम्बिनीको महत्त्व फेरि बढ्न थालेको हो । लुम्बिनीको उत्थान र विकासमा केही व्यक्तिहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । भिक्षु अनिरूद्धले त्यस्तो निर्जन जङ्गलमा लामो समय बसेर लुम्बिनीको सेवा गर्नुभयो भने त्यसपछि भिक्षु विमलानन्दले त्यसको लागि आफ्नो जीवन नै त्यसैमा अर्पण गर्नुभयो । सन् १९६७ मा संयुक्त राष्ट्र संघका महासचिव उत्थान आउनुभएपछि यसको काँचुली फेर्न शुरू भएको हो । त्यसपछि संयुक्त राष्ट्र संघको संलग्नतामा यसको विकास भइरहेको छ । १९९६ देखि युनेस्कोले यसलाई विश्व सम्पदा सूचीमा समावेश गरी यसको महत्त्व दर्शाएको छ ।

३. भगवान बुद्धको जन्मस्थल लुम्बिनीको प्रचार गर्न धर्मोदय सभाले २०४६ मा दोस्रो राष्ट्रिय बौद्ध सम्मेलन यही लुम्बिनीमा गरेको थियो भने अहिले २०६६ मा आएर दशौं राष्ट्रिय बौद्ध सम्मेलन पनि पवित्र स्थलमा सम्पन्न गरेको छ । यसबीच २०५६ नेपाल भ्रमण वर्षको अवसर पारेर लुम्बिनी विकास कोष र नेपाल सरकारले पहिलो विश्व बौद्ध शिखर सम्मेलन र त्यसको चार वर्षपछि २०६० मा दोस्रो विश्व बौद्ध शिखर सम्मेलनको भव्य आयोजना गरिएको थियो । पहिलो शिखर सम्मेलनको परिणामस्वरूप दोस्रो सम्मेलनको पूर्व सन्ध्यामा सरकारले लुम्बिनी अन्तर्राष्ट्रिय विश्वविद्यालय स्थापना गऱ्यो । स्थापना त भो, तर यसको अन्य काम कुरा अझै अघि बढेको छैन ।

४. लुम्बिनीको धार्मिक महत्त्व मात्र भएको होइन, यसको ऐतिहासिक, पुरातात्विक, सामाजिक र आर्थिक महत्त्व पनि प्रशस्त छ । लुम्बिनी शान्तिको मुहान भएकाले विश्वका शान्तिकामीहरूको ध्यान यसले आकर्षित गरिरहेको छ । इतिहासका ज्ञाताहरू यसको इतिहास खोज्न आउछन् भने पुरातत्वविदहरू उत्खनन् हेर्न आउछन् । उत्खननको दृष्टिले लुम्बिनी क्षेत्र अत्यन्त समृद्ध छ । सानो क्षेत्रमा उत्खनन्योग्य धेरै सम्पदाहरू भएको यो क्षेत्र विश्वमा नै उत्कृष्ट मानिन्छन् । लुम्बिनीको विकासका साथै यहाँ धार्मिक एवम् अन्य पर्यटकहरू आउन थालेका छन् । पर्यटकहरूको संख्या प्रत्येक वर्ष बढ्दैछ । लुम्बिनी क्षेत्रको राम्ररी विकास गरिएमा लुम्बिनीबाट नेपाललाई थेग्न सक्ने विदेशी मुद्रा आर्जन गर्न सकिने आर्थिक पर्यटनविद्हरूले औंल्याएका छन् ।

५. यस्तो प्रचुर सम्भावना बोकेको भएतापनि लुम्बिनी क्षेत्रको विकास अझै हुन सकेको छैन । गुरु योजनाअनुसार लुम्बिनीको विकासले पूर्णता पाएको छैन । कपिलवस्तु विकासको अभिलाषा लिएर हेरिरहेको छ । उता देवदह उत्खनन्को पर्खाइमा छ । भगवान बुद्ध विमानस्थलले कहिले अन्तर्राष्ट्रिय स्तर पाउला भनेर वर्षौंदेखि प्रतीक्षारत छ । तैपनि यसतिर सम्बद्ध पक्षको समुचित ध्यान गएको छैन । धेरैले यहाँ केही गर्नुको मतलब खर्च गर्नु मात्रै सम्झेका छन् । जुन सरासर गलत हो । लुम्बिनी क्षेत्रमा खर्च गर्नुलाई लगानी सम्झनुपर्दछ । यो यस्तो लगानी हो, जसको प्रतिफल तुरुन्त आउन सक्दछ । अझ तुलनात्मक हिसाबले भन्ने हो भने थोरै लगानी गरेर धेरै र छिट्टै आय आर्जन गर्ने क्षेत्र लुम्बिनी हो । त्यसकारण यसको छिटो विकास गरिनुपर्दछ भन्ने हाम्रो आग्रह हो ।

# लुम्बिनीलाई नियाल्दा



भिक्षु सागरधम्म
नेपाल राजकीय विहार लुम्बिनी

"किच्यो मनुस्स पतिलायो, किच्यो मच्चामा जिवितं, किच्चम सद्धर्म श्रवणं किच्यो बुद्धान उपादो ।"

धम्मपदको बुद्ध भग्गको माथिको गाथाको अर्थ हुन्छः "मनुष्य भएर जन्मनु दुर्लभ कुरा हो, पूर्ण आयुसम्म बाँच्न सक्नु दुर्लभ कुरा हो सद्धिर्मको श्रवण गर्न पाउनु दुर्लभ कुरा हो र बुद्धको उत्पत्ति दुर्लभ कुरा हो ।"

यस बुद्ध वचनमा भनिएअनुसार बुद्धको उत्पत्ति अर्थात् जन्म भन्ने कुरा धेरै दुर्लभ रहेछ । धेरै समयको दौरानमा धेरै समय बितिसकेपछि एक बुद्धको जन्म हुन्छ । धर्म ग्रन्थमा उल्लेख भएअनुसार सबैभन्दा छिटो बुद्ध जन्मका लागि एक कल्पको समय लाग्छ । कल्प भनेको हामीले कति वर्ष हो भनिकन गणना गर्न सक्दैनौं । कहिलेकाही सयौं कल्प बित्दा पनि बुद्धको जन्म हुँदैन । यसकारण वर्तमान समय हाम्रो लागि धेरै ठूलो संजोग र भाग्य हुन गएको छ । हामीले दुर्लभ बुद्धको उत्पत्ति भएको स्थान देख्न पाएका छौं । यो दुर्लभ स्थान लुम्बिनीले बोधिसत्व सिद्धार्थ गौतमलाई २६०० वर्ष अगाडि माता महामायादेवीको कोखबाट बाहिर आउने बित्तिकै स्वागत गर्ने मौका पायो । कुनैपनि महत्त्वपूर्ण व्यक्तित्वलाई स्वागत सत्कार गर्न पाउनु ठूलो कुरा हो । त्यसमा पनि बुद्ध हुने गुणबाट सुसज्जित व्यक्तित्वलाई स्वागत गर्नु अर्थात् उहाँको पाउको पहिलो स्पर्श लुम्बिनीको भूमिमा हुनु ठूलो कुरा हो । यति महत्त्वपूर्ण पृष्ठभूमि भएको स्थानले गर्दा आज यो संसारका मान्छेहरूको आकर्षणको केन्द्र बनेको छ । लुम्बिनीको इतिहासलाई पल्टाउँदा यसको इतिहास बुद्धको जन्मभन्दा पनि पुरानो देखिन्छ । बुद्धको जन्मभन्दा अगाडि नै यो सुन्दर बगैंचा उद्यानको रूपमा रहेछ जसलाई कपिलवस्तुका राजपरिवार र देवदहका राजपरिवारहरूको आपसी सहयोगबाट यसको निर्माण एवम् संरक्षण भएको रहेछ ।

इतिहासमा उल्लेख भएअनुसार भगवान बुद्धको जिजुबुवा जसको नाम "सिंहहनु" थियो कपिलवस्तुका राजा हुँदा, उहाँका समकालीन "अन्जन" नामका राजा देवदहमा शासन गर्नुहुँदो रहेछ । देवदहका राजा अन्जनकी एक रूम्मिनी नामकी रानी रहिछन् । रानी रूम्मिनी शहरतिर घुम्न जाँदा शहरको एक व्यापारीको एक निजी बगैंचामा उनको दृष्टि गएछ । रानीले त्यो बगैंचामा गएर अवलोकन गरिछिन् । त्यस पश्चात् उनलाई त्यो बगैंचा निकै मन परेछ । रानीले आएर राजालाई सो बगैंचा जसरी भएपनि आफूलाई दिलाइदिनुस् भनी राजालाई भन्दा राजाले भनेछन् त्यसरी मन पर्‍यो भन्दैमा कसैको निजी सम्पत्ति हडप्नु हुँदैन । त्यसबाट जनतामा राजाप्रतिको विश्वास, मान-सम्मान सबै नष्ट हुन्छ । बरू यदि बगैंचा नै तिमीलाई चाहिएको हो भने म तिमीलाई अति नै सुन्दर बगैंचा उद्यान तिम्रो नाममा निर्माण गर्नेछु जस्तो देवलोकमा इन्द्र देवताको "चित्तलता" बगैंचाको वर्णन छ, त्यस्तै म तिम्रो लागि बनाउनेछु भनी राजाले रानीलाई बचन दिएछन् । तत्पश्चात राजाले सो बगैंचा निर्माण गर्न आवश्यक ठाउँ पत्ता लगाउन भारदारलाई आदेश दिएछन् । उनका भारदार उक्त बगैंचा बनाउने उपयुक्त ठाउँ खोज्न चारै दिशातिर जाँदा अन्तमा हाल रहेको लुम्बिनीको स्थानलाई उपयुक्त मानी राजालाई खबर दिंदा राजाले स्वयम् आई हेर्दा उनलाई पनि धेरै मन परेछ । राजाले मन पराएपछि यस ठाउँमा सुन्दर उद्यान बनाउने निर्णय गरेछन् । यो ठाउँ कपिलवस्तुबाट धेरै नजिक (मात्र २८ कि.मी.) पर्ने भएकोले उनले कपिलवस्तुका शाक्य राजालाई पनि यसका लागि सहयोगको अनुरोध गरे । फलस्वरूप कपिलवस्तु र देवदहका राजाहरूको आपसी सहयोगबाट रूम्मिनी बगैंचाको निर्माण भएछ ।

यो बगैंचा दुवै राज्यको राजकीय उद्यानको रूपमा परिणत भयो । दुवै राज्यका राजपरिवारहरूका

सदस्यहरू छुट्टीको समय बिताउने रमणीय स्थानको रूपमा रुम्मिनी बगैंचा परिणत भएछ । पछि कालान्तरमा सो रुम्मिनी नाम संस्कृतबाट पालीमा रूपान्तरण हुँदा लुम्बिनी हुन गएछ ।

माथि उल्लेख भएको लुम्बिनीको इतिहासबाट लुम्बिनी के रहेछ र कसरी यसको निर्माण हुन गएछ भन्ने कुरा प्रस्ट हुन आउँछ । तर जेसुकै कारण त्यस समयमा लुम्बिनी भन्ने बगैंचा/उद्यान बने तापनि यदि तथागत भगवान बुद्धको जन्म यहाँ नभइदिएको भए आजसम्म यो लुम्बिनीको अवस्था र अस्तित्व रहने थिएन भनी बुझ्नमा कुनै अतियुक्ति नहोला ।

**बुद्धको जन्म र अरूहरूको जन्ममा अन्तर के छ ?**

बुद्धको जन्म, जन्मनका लागि मात्र हुँदैन बरू यो कुनै विशिष्ट उद्देश्य प्राप्तिका लागि हुन्छ । अरू साधारण व्यक्ति जन्मनका लागि जन्मन्छन् । यिनीहरू आफ्नो अज्ञानताको कारण सङ्कलन भएको संस्कारको कारण जन्मन्छन् फेरि अज्ञानतामा संस्कार बटुल्दै मृत्युको शिकार बन्न पुग्दछन् । तर बुद्धको जन्म एक अद्वितीय, अतुलनीय भिजन (Vision) अन्तर्गत रहेको मिसन (Mission) को भाग हो । बुद्धको जन्म जीवनको दुःखबाट आफू मुक्त भई अरूहरूलाई पनि मुक्ति दिलाउने उद्देश्यका लागि भएको हुन्छ । यति ठूलो महान उद्देश्य लक्ष्यलाई कार्यान्वयन गर्ने व्यक्तित्वको जन्मस्थान स्वाभाविक रूपमा पुजनीय र वन्दनीय छ ।



सिद्धार्थ गौतमको लुम्बिनीमा भएको जन्म, उहाँको सम्बोधिलाभको एक कारण भयो । जन्म नै नभएमा ज्ञान प्राप्त कसरी हुने ? बोधिसत्वको जन्मको प्रसङ्गमा धर्मग्रन्थमा यसरी उल्लेख भएको छ ।

बोधिसत्वले आफ्नो अन्तिम जन्म लिदाखेरी पाँचवटा कुरा ख्याल राखेर यस मनुष्यलोकमा जन्मनुहुन्छ । ती पाँचवटा कुराहरू हुन् : १) जात २) देश ३) काल ४) परिवार ५) आमा । यी पाँचवटा कुरा अनुकूल नहुन्जेल उहाँ बोधिसत्वले यस धर्तीमा जन्म लिन सक्नुहुन्न ।

सिद्धार्थ गौतम बुद्धको जन्ममा पनि यी सबै पाँचकुराको अनुकूलतालाई मध्यनजर राखिएको थियो । लुम्बिनीमा जन्मदा यी सबै कुरा अनुकूल हुन गयो । लुम्बिनीमा जन्म भएपश्चात उहाँका प्रमुख क्रियाकलापहरू लुम्बिनी क्षेत्रका वरपरका देश एवम् क्षेत्रमा भएको पाइन्छ । आज यस पवित्र पावन लुम्बिनीको दर्शनार्थ देश विदेशबाट हजारौं लाखौंको सख्यामा मानिसहरू आउनुहुन्छ । प्रत्येक व्यक्तिले लुम्बिनीको दर्शन गर्दा बेग्लै प्रकारको अनुभूति गर्दछ । व्यक्तिको आफ्नो बुद्धि, विवेक, संस्कार, ज्ञानको तहअनुसार फरक-फरक अनुभव हुन जान्छ । पानीको धारामा पानी लिन जाँदा पानी भर्ने भाँडा जत्रो छ त्यति पानी हामीले लिएर फर्कन्छौं । यदि भाँडामा प्वाल छ भने भाँडाबाट पानी घर पुग्दासम्म पानी सकिसकेको हुनेछ ।

जो व्यक्तिसँग बुद्धको शिक्षा प्रारम्भिक ज्ञान वा बौद्ध संस्कार रहेको छ, त्यस्ता व्यक्तिहरू लुम्बिनीमा आउँदा उनीहरूमा असीमित श्रद्धा उत्पन्न हुन्छ र ठूलो कम्पन (भाइब्रेसन) मनमा जाग्छ । सानैदेखि सुनिराखेको विषय आज प्रत्यक्ष रूपमा अगाडि देखियो भने खुशीले गद्गद् हुन्छन् ।

नेपालको सन्दर्भमा अधिकांश नेपालीहरूमा बुद्ध शिक्षाको प्रारम्भिक ज्ञान पनि नभएको कारणले उनीहरूको लुम्बिनी भ्रमण पर्यटकीय भ्रमण जस्तो हुन्छ । आँखाले देख्ने चिजमा उनीहरूको ध्यान जान्छ र लुम्बिनीलाई भित्री गहिराइबाट देख्न सक्दैनन् । यदि भविष्यमा नेपालीहरूले बुद्धशिक्षाको प्रारम्भिक ज्ञान लिन सकेमा उनीहरूको लुम्बिनीसँगको नाता घनिष्ठ हुने थियो र गहिराइबाट लुम्बिनीलाई देख्न सक्ने थिए ।

लुम्बिनीको मायादेवी मन्दिरभित्र सुरक्षित

रूपमा बुद्ध जन्मेको स्थान राखिएको छ, जसलाई "पाइलाको निशान ढुङ्गा (Foot Mark Stone)" भनिन्छ । यसबाट हामीले बुद्धले यस धर्तीमा पहिलो चोटी खुट्टा टेकेको अर्थात यस धर्तीलाई पहिलो चोटी स्पर्श गरेको स्थान, ठाउँ भनेर चिन्दछौं । यो पाइलाको निशान (Mark Stone) लाई देख्दा आफूलाई धेरै भाग्यमानी भएको अनुभव हुन्छ । यस्तो दुर्लभ व्यक्तित्वको जन्म भएको ठाउँ मैले देख्न सकें । यदि कसैले यस कुरालाई गहिराइबाट सोच्छ भने उसमा एउटा उद्देश्य, विचारले जन्म लिन्छ । बुद्धको शरीरको पैतालाले यस धरतीलाई स्पर्श गरेको स्थान त आज मैले देखें । यसैगरी बुद्धले विमुक्तिमार्ग निर्वाणलाई स्पर्श गरेको ठाउँ, स्थान देख्न पाएको भए म साँच्चिकै भाग्यमानी हुन्थें होला । धेरैजसो बुद्धका अनुयायीहरूमा लुम्बिनीको दर्शन गर्दा यही सोच उद्देश्यले मन, मस्तिष्कमा जन्म लिन्छ । यसैलाई दुर्लभ बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमणको सार भन्न सकिन्छ ।

लुम्बिनीले हामीलाई प्रदान गर्ने ठूलो उपहार, चिनो यही सोच, विचार र उद्देश्य हो । कुनैदिन बुद्धको चित्तले निर्वाणलाई स्पर्श गरेको स्थान देख्ने । यो स्थान कुनै भौतिक स्थान होइन । यो त मानसिक अनुभूति हो । बुद्धिमय परिवर्तन (Mental Transformation) हो । बुद्धले चार आर्य सत्यलाई देखेको अनुभव । सोही अनुभव हामीले पनि गर्न सक्छौं । यसैलाई निर्वाणलाई स्पर्श गरेको स्थान भनिन्छ । पञ्चवर्गीय भिक्षुहरूलाई सारनाथमा बुद्धले धर्मदेशना गर्दा पहिलोचोटी कोन्डण्यले यो स्थानलाई देख्नुभयो । यसरी बुद्धले स्पर्श गरेको निर्वाण धर्मलाई देखी कोन्डण्य भिक्षु आर्यमार्गमा प्रवेश गर्नुभयो । विमुक्ति रसको अनुभव गर्नुभयो । दुर्लभ बुद्धको उपहार प्राप्त गर्नुभयो । हामीलाई पनि यही मार्ग, उपहार प्राप्तिका लागि लुम्बिनीले ठूलो उर्जा, शक्ति प्रदान गरोस् । लुम्बिनीमा अन्तरनिहित असीमित शान्ति सुखको अनुभव असीमित सत्व प्राणीहरूले लिन सकून् गर्न सकून् । लुम्बिनीलाई गहिराइबाट नियाल्न सक्ने, हेर्न सक्ने क्षमता सबैमा अभिवृद्धि रहोस् ।

भवतु सब्ब मंगल ।

सबैको मंगल होओस् । सबैको कल्याण होओस् ।


हार्दिक शुभकामना

तमूहरूको महान पर्व नयाँवर्ष
**तो ल्होसार**को उपलक्ष्यमा सम्पूर्ण
तमू बन्धुहरूमा सुख, शान्ति,
आरोग्य र दीर्घायुको
हार्दिक मङ्गलमय शुभकामना !

बौद्ध परियत्ति
मौरी समूह
फेदीखोला-२, स्याङ्जा



हार्दिक शुभकामना

नयाँ वर्ष
**तो ल्होसार**
को उपलक्ष्यमा देश-विदेशमा रहेका
सम्पूर्ण तमूहरूमा सुख, शान्ति,
ऐश्वर्य र आरोग्यको
हार्दिक शुभकामना !

तमू समाज
फेदीखोला-२, स्याङ्जा

# लुम्बिनी विकास संक्षिप्त चर्चा



छत्रराज शाक्य
तानसेन

शान्तिका अग्रदूत भगवान बुद्धको जन्म इ.पू. ६२३ मा लुम्बिनी शालोद्यानमा भएको थियो। विश्वमा नेपाललाई सगरमाथाको देश अथवा बुद्ध जन्मस्थलको रूपमा चिनिन्छ। विश्वका बौद्धहरू र बुद्धका अनुयायीहरू र शान्तिप्रेमीहरूको लागि लुम्बिनी पावन तीर्थस्थल, प्रेरणाश्रोतको रूपमा रहेको छ। यसैले यो पवित्र भूमिलाई तीर्थस्थल, शान्तिको महान धार्मिक पर्यटनस्थलको रूपमा विकास गर्ने हामी सबैको दायित्व हुन आउँछ। लुम्बिनी गुरुयोजना तर्जुमा गरी सो अनुसार विकास गर्न प्रयास भैरहेकोमा विकास निर्माणको गतिमा तीव्रता ल्याउनुपर्ने आवश्यक भएको छ।

## १. लुम्बिनीको ऐतिहासिक पक्ष

### (क) बुद्ध जन्मस्थल

इ.पू. सातौं-छैठौं शताब्दीमा भागीरथी (वाणगंगा) नदीको नजिकै कपिलवस्तु शाक्य गणराज्य र रोहिणी नदीको नजिकै देवदह, कोलिय शाक्य गणराज्य थिए। यी दुई राज्यको मध्य क्षेत्रमा लुम्बिनी ग्राम पर्दथ्यो। बौद्ध ग्रन्थहरूमा लुम्बिनीलाई हरियो शाल वृक्षहरू पर्याप्त भएकोले शालोद्यान, उपवन, वाटिका, रमणीय स्थल भनी वर्णन गरिएको पाइन्छ। यो स्थलको नाम लुम्बिनी कसरी रहन् गयो भन्ने सन्दर्भमा सिद्धार्थ कुमारको बज्यै महामायादेवीको माताको नामबाट रहन गएको भनिन्छ। त्यस्तै देवदहको राजा सुप्रबुद्धको रानीको नाम पनि लुम्बिनी थियो।

इ.पू. सातौं-छैठौं शताब्दीमा कपिलवस्तु राज्यमा राजा शुद्धोदन र महारानी महामायादेवीले राज्य गर्दथे। महारानी जब गर्भावस्थामा माइत जाने इच्छा प्रकट गरी देवदहमा जाने क्रममा बीच बाटोमा लुम्बिनीमा विश्राम गर्न पुगे। इ.पू. ६२३ को वैशाख पूर्णिमाको दिन महामायादेवीको लुम्बिनीमा शाल वृक्षको मुनि राजकुमार सिद्धार्थ गौतमको जन्म भयो। अग्गोहमस्सि लोके, जेठोह मासी लोके... भनी सिद्धार्थ कुमारले प्रथम उद्‌गार व्यक्त गर्नुभएको थियो। बौद्ध ग्रन्थ अनुसार चतु महाभिठानानी अर्थात् चार दर्शनीय स्थलहरूमध्ये बुद्ध जन्मस्थल लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर स्थलहरूलाई लिइन्छ। सिद्धार्थ कुमार बुद्ध भइसकेपछि स्वयं आफ्नो जन्मस्थल लुम्बिनी आउनुभएको थियो। बुद्धस्थल र त्यसपछि भिक्षु संघ बस्ने बौद्ध विहारहरू लुम्बिनीमा बन्दै गरेको थियो। जसको भग्नावशेष पुरातात्विक उत्खननबाट लुम्बिनीमा प्राप्त भएको छ।

### (ख) लुम्बिनीमा सम्राट अशोक र अन्य यात्रीहरू

मगधका सम्राट अशोक आफ्नो राज्यारोहणको २०औं वर्षमा भगवान बुद्धप्रति श्रद्धा व्यक्त गर्न र जन्मस्थलको दर्शन गर्न स्वयम् आफ्नो गुरु उपगुप्तका साथमा इ.पू. २४९ मा लुम्बिनी आएका थिए। भगवान बुद्धको जन्मस्थललाई सुनिश्चित बनाउन र आफ्नो यात्रालाई स्मरणीय बनाउन लुम्बिनीमा चैत्य निर्माण गरी ठूलो शीला स्तम्भ (अशोक स्तम्भ) खडा गर्नुभयो। सो अशोक स्तम्भमा बाह्‌मी लिपीमा निम्न कुराहरू शिलालेख लेखिएको छ।

"देवानं पियन पियदासिन लाजिन विसतिवसाभिसितेन अतन आगाच महियते हिदबुधेजाते सक्यमुनिति सिलाविगढभी च कालापिते सिलाथमे च उसपापिते हिद। भगवं जातेति लुम्बिनी गामे उवलिके कते अठ भागिये च" अर्थ "देवताहरूको प्रिय प्रियदशी (अशोक) राजा राज्याभिषेकको २०औं वर्षमा आफैं सवारी भइबक्स्यो। यहाँ बुद्ध शाक्यमुनिको जन्म भएको हो। ढुङ्गाको एउटा प्राचीर बनाउन लगाइबक्स्यो र

एउटा शिलास्तम्भ स्थापना गरिबक्स्यो । यहाँ भगवानको जन्म भएकोले लुम्बिनी ग्राम वली (कर) मुक्त गरियो र अष्टभागीय पनि । राजा अशोकको लुम्बिनी भ्रमण र अशोक स्तम्भ स्थापना नै लुम्बिनीको विकासको थालनी भएको मान्नुपर्दछ । तर अशोकको भ्रमण पछि कैयौं शताब्दीसम्म लुम्बिनीमा केही भएन, उजाड, निर्जन रह्यो ।

इ.स. ४१३ मा चिनियाँ यात्री फाहियान लुम्बिनी पुगे । उनको अनुसार कपिलवस्तुको ५० ली. पूर्व लुम्बिनीमा महारानी मायादेवी स्नान गर्नुभएको पवित्र कुण्ड देखेको र करीब २० पाइला उत्तरतिर सिद्धार्थ जन्मस्थल छ भनी यात्रा वर्णनमा लेखिएको छ ।

इ.स. ६३६ मा हुवेन साङ लुम्बिनी पुगी यस प्रकारले यात्रा वर्णन गरेको छ । ल-फ-नी उनले पवित्र कुण्ड देखेका थिए । पवित्र वृक्ष सुकेको वर्णन गरेको छ । विभिन्न चैत्य र स्तुपहरू साथै अशोक स्तम्भ देखेका थिए । स्तम्भमाथि घोडाको मूर्ति टुक्रा भएर तल छिरिएको देखेका थिए ।

पश्चिम नेपालका खस राजा रिपु मल्ल सन् १३१४ मा लुम्बिनी आएका थिए । "ओम मणि पद्मे हुँ" लेखाएको अद्यावधि स्तम्भ छ । त्यसपछि ५-६ शताब्दीसम्म लुम्बिनी उपेक्षित रह्यो र जलवायुको प्रभाव अनुसार सबै चैत्य, स्तुप, विहार, अशोक स्तम्भ भग्नावशेष हुँदै पृथ्वीको गर्भभित्र लुप्त हुँदै गए ।

**(ग) अशोक स्तम्भ पुनः पत्ता लगाउनु र अन्य उत्खनन्**

पाल्पाका गभर्नर ज. खड्ग शम्शेर जवराले सन् १८९६ मा उत्खनन् गरी अशोक स्तम्भको ३ फुट जति फेला पारिसकेपछि जर्मनीका डा. फुहरर खड्ग शम्शेर भेट्न आउँदा फोटो खिची संसारमा प्रचार प्रसार गर्ने काम गरे । अतः शुरूमा पत्ता लगाउने श्रेय पाल्पाका खड्ग शमशेरलाई नै जान्छ । अशोक स्तम्भमा "हितबुधे जाते सक मुनिति" लेखिएको हुँदा भगवान बुद्धको जन्मस्थल बारे स्पष्ट रूपमा प्रमाणित भएको छ ।

सन् १८९९ मा पी.सी. मुखर्जीले लुम्बिनीमा उत्खनन् गरे । उनले तिलौराकोट (कपिलवस्तु) निग्लीहवा र गोटीहवा पनि निश्चित गरे । त्यसपछि नेपालका जनरल केशर शशेर जवराले १९३३-३९ मा लुम्बिनीमा उत्खनन् गरे । उत्खनन् अवैज्ञानिक भएकोले धेरै कुरालाई हानी पुऱ्याएको भनिन्छ ।

उत्खननमा स-साना स्तुपहरू विहार भग्नावशेष फेला पारेका थिए । माटाका भाँडाहरू, खेलौनाहरू, मूर्तिहरू, सिक्काहरू, पोते आदि ।

श्री ५ को सरकारको पुरातत्व विभागले १९७०-७१ मा सर्वप्रथम वैज्ञानिक ढङ्गबाट लुम्बिनीमा पुरातात्विक उत्खनन् गऱ्यो । 'प्राचीन लुम्बिनी ग्राम' पत्ता लगाउन पुराना-पुराना घर (हालको प्रहरी कार्यालय नजिकै) ढिस्को उत्खनन् गरे । ईशापूर्व पाँचौ-छैठौं शताब्दीदेखि अशोक कालसम्मको विभिन्न पुरातात्विक महत्त्वका वस्तुहरू फेला परे । सबैभन्दा तल्लो सतहमा माटोको गाऱ्हो अथवा पर्खाल बनाएर र माटोको चक्का, ईनार, केही भाँडो, मानव खप्पर, फलामे सिक्री टुक्राहरू, चराचुरुङ्गी, जनावरहरूका हाडखोरहरू, गुप्तकालीन भूमि स्पर्श मुद्राको माटोकै बुद्धमूर्ति फेला परे ।

सबभन्दा पछिल्ला उत्खनन् मायादेवी मन्दिर स्थलमा नै १९९४ मा उत्खनन् गरेर भगवान बुद्धको जन्मस्थल सिद्धार्थ कुमारले पहिलो पटक धर्तीमा पाइला टेकेको स्थलमा राजा अशोकले राखेको ७० गुणा, ४० गुणा १० से.मी.को विशेष ढुङ्गा पत्ता लगायो । यो मुख्य उपलब्धि भयो । उक्त टोलीमा लुम्बिनी विकास कोषको तर्फबाट पुरातत्वविद् बाबुकृष्ण रिजाल, पुरातत्व विभागबाट कोशप्रसाद आचार्य र जापानी बौद्ध फेडरेशनका तर्फबाट O. Vesaka पुरातत्वविद्हरू थिए, मण्डल (च्याम्बर) को लम्बाई १६ मी. र चौडाई १२ मी. को छ । शयन कक्षमा रहेको माटोको मूर्तिको प्लेट प्राप्त भएको छ । यो माटोको मूर्ति चौथो र छैठौं शताब्दीको गन्धार शैलीको छ ।

## २. लुम्बिनीमा वर्तमान विकासको थालनी

लुम्बिनीको विकास गर्ने क्रममा स्व. महेन्द्र सरकारको महत्त्वपूर्ण योगदान रहेको छ । १९५६ मा सवारी हुँदा स्थिति हेरी सार्है दुःखी भयो । श्री ५ त्रिभुवन सरकारबाट २००८ सालमा ४ सदस्यीय

लुम्बिनी प्रबन्धक समिति भैरहवाको बडाहाकिमको अध्यक्षतामा गठन भयो । सदस्य धर्मोदय सभाका प्रतिनिधि कपिलवस्तुका बडाहाकिम र प्रतिष्ठित व्यक्तिहरू थिए । लुम्बिनीलाई वार्षिक रू. १० हजार र भिक्षु १, बगैंचे १, हेरचाह गर्ने व्यक्ति १ जना नियुक्त गरिएका थिए ।

१९५४ मा बर्मामा तृतीय विश्व बौद्ध सम्मेलनमा स्व. श्री त्रिभुवनको सदिच्छा अनुसार, नेपालमा चौथो विश्व बौद्ध सम्मेलन १९५६ मा गर्ने प्रस्ताव स्वीकृत भयो । तर १९५५ मा श्री ५ त्रिभुवन दिवगत हुनुभयो । त्यसपछि २०१३ (१९५६) मा श्री ५ महेन्द्र सरकारको पालामा विश्व बौद्ध सम्मेलन भयो । यो सिलसिलामा राजा महेन्द्रबाट रू. २१ लाख लुम्बिनी विकासको लागि बक्स भयो । लुम्बिनी मायादेवी मन्दिर जीर्णोद्धार, पवित्र पोखरी सफाई, धर्मशाला निर्माण, पानी प्रबन्ध, भैरहवा लुम्बिनी सडक मर्मत लुम्बिनी धर्मोदय सभालाइ मन्दिर, स्तम्भ, कुण्ड हेरचाह गर्न जिम्मा दिइएको थियो ।

अप्रिल २३, १९६७ मा संयुक्त राष्ट्र संघको महासचिव उथान्तले लुम्बिनी भ्रमण गर्नुभयो । लुम्बिनीको दुर्दशा देखेर उथान्त दु:खी हुनुभयो । काठमाडौं आएपछि राजा महेन्द्रलाई लुम्बिनी गुरुयोजना बनाई विकास गर्न यु.एन.ओ. को सहयोग अन्तर्राष्ट्रिय रूपमा गर्ने प्रस्तावको राजावाट स्वीकृत बक्स भयो । पछि नेपालले यु.एन.ओ. लाई प्राविधिक सहयोगको लागि औपचारिक अनुरोध गर्‍यो ।

- १९६८ मा नेपाल र यु.एन.ओ. मिलेर धेरै कामहरू शुरू गरे ।
- १९७० मा उथान्ते लुम्बिनीलाई अन्तर्राष्ट्रिय आयोजना (International Project) को रूपमा घोषणा गर्नुभयो ।

१९७० मा यु.एन.ओ. को अन्तर्गत लुम्बिनी विकास समिति L.D.C. १३ राष्ट्रको गठन भयो । यु.एन.ओ.मा नेपालका आवासीय प्रतिनिधिको अध्यक्षतामा गठन भयो । सदस्यहरूमा अफगानिस्तान, बर्मा, कम्बोडिया, श्रीलंका, भारत, इण्डोनेशिया, जापान, लावस, मलेसिया, पाकिस्तान, सिंगापुर, थाईलैण्ड, नेपाल थिए । पछि २ देशहरू भुटान र द. कोरिया थपिए । पछि ती देशहरू र अन्य बौद्धविद्वानहरू समावेश गरी सल्लाहकार समिति पनि गठन भयो । सबैका सल्लाहबाट लुम्बिनी विकास गुरुयोजना तर्जुमा गर्न जापानका वास्तुकलाविद् प्रो. टाँगेलाई जिम्मा दिने निश्चय भयो ।

## लुम्बिनी गुरुयोजना

१९७२-१९७८ मा प्रो. टाँगेले गुरुयोजना तयार गर्नुभयो । यो गुरुयोजनालाई सन् १९७८ मा यु.एन.ओ. र श्री ५ को सरकारले स्वीकृत गर्‍यो । श्री ५ को सरकार र यु.एन.ओ. ले सन् १९६८ देखि नै लुम्बिनी र वरपर विकास कार्यक्रमको थालनी गरेको थियो । बौद्ध दर्शनको आधारमा गुरुयोजनाको डिजाइन आकार-प्रकार व्यवस्था गरिएको छ । बौद्ध दर्शन अनुसार २ आधारभूत सत्य छन् (१) परमार्थ सत्य र (२) सम्प्रति सत्य । योजना क्षेत्रमा निर्माण गरिने सबै कुराहरू गोलो र चारपाटे आकारको परिकल्पना गरिएको छ ।

१) गोलाकारको अर्थ हुन्छ (क) ब्रह्माण्ड संरचना, ग्रहहरू गोलाकार (ख) आमाको गर्भ अशोक स्तम्भलाई केन्द्र मानेर पवित्र उद्यान वरपर गोलाकार जलाशय निर्माण गर्ने गोलाकार तटबन्ध ३.७७ कि.मी. छ । (ग) धर्म चक्र (घ) अनित्यताको बोध गोलाकार चक्रमा प्रारम्भ र अन्त छुट्टिदैन । प्रतित्यसमुत्पादको १२ वटा अवस्था कडीहरू छन् ।

२) चारपाटे अर्थ (क) चार आर्यसत्य (ख) बुद्ध शासनको चार अंगहरू भिक्षु, भिक्षुणी, उपासक, उपासिका (ग) चार दिशा पूर्व, पश्चिम, उत्तर, दक्षिण, (घ) मण्डल, धारणा (महायान बौद्ध समुदाय अनुसार) (ङ) चार तत्वहरू-अग्नि, वायु, जल, पृथ्वी आदि ।

तेलार नदीलाई गर्भ-साल नालको कल्पना गरिएको छ ।

योजना क्षेत्र उत्तर दक्षिण ३ माइल र पूर्व पश्चिम १ मिलको छ । ११५० विघा (७७० हेक्टर) जमीन रहेको छ । गुरुयोजना अनुसार मुख्य १-१ माइल गरी ३ क्षेत्रमा विभाजन गरिएको छ ।

**१) पवित्र उद्यान क्षेत्र :**

यस क्षेत्रलाई पुरातात्विक एवम् धार्मिक

क्षेत्रको रूपमा विकास गर्ने लक्ष्य राखेको छ। यस क्षेत्रमा अशोक स्तम्भ, मायादेवी मन्दिर, पवित्र पोखरी र पुरातात्विक भग्नावशेषहरू रहेका छन्। यस बाहेक अरू पनि पछि निर्माण भएका कुराहरू योजनामा छ। साथै बगैंचा निर्माण, गोलाकार जलाशय निर्माण गर्ने लक्ष्य रहेको छ।

**२) अन्तर्राष्ट्रिय विहार क्षेत्र र सांस्कृतिक केन्द्र:**

दोस्रो १ वर्ग मिल छुट्टयाइएको क्षेत्रमा दक्षिणतर्फको अन्तर्राष्ट्रिय विहार गुम्बा क्षेत्र र उत्तरतर्फ सांस्कृतिक क्षेत्र गरी २ भागमा विभाजन गरिएको छ। बीचमा उत्तर दक्षिण १.७७ कि.मी. केन्द्रीय नहर निर्माण गरिएको छ। पूर्वमा थेरवादी विहारको लागि १३ वटा जमीन, चक्ला छुट्टयाइएको छ। पश्चिम महायानीको लागि २९ चक्ला गरी जम्मा ४२ चक्ला व्यवस्था गरिएको छ। उत्तरतर्फ म्युजियम, पुस्तकालय, अनुसन्धान केन्द्र र सभागृह आदि रहेका छन्।

**३) नयाँ लुम्बिनी ग्राम :**

उत्तर दिशामा तेस्रो १ मिलको क्षेत्र, भैरहवा-तौलिहवा सडक वारपार भएर गएको छ। आगन्तुकलाई प्रवेश सूचना गृह, रेष्टुराँ, होटल, टेलिफोन, बैंक, पुलिस, दमकल सम्पूर्ण सुविधा उपलब्ध हुनेछ। प्रशासनिक भवनहरू आदि हुनेछन्। भवनहरू ८ ब्लकमा विभाजन गरिएका छन्। सडकको उत्तरमा प्रशासनिक केन्द्र र दक्षिणमा पर्यटक केन्द्रको रूपमा विकसित हुनेछन्।

**योजनाको लागत :**

साधारण ५.५० करोड अमेरिकी डलर लागत रहेकोमा पछि ६.५० करोड डलर पुग्यो र वर्तमान दरमा कैयौं गुणा बृद्धि भएको छ। गुरुयोजना तैयार गर्न युएनडीपी, जापान आदिले ८,८७,६५० अमेरिकी डलर सहयोग गरेका थिए।

**हालसम्मको प्रगति :**

१) पवित्र उद्यानमा केही बगैंचा चक्ला बनाउने, गोलाकार बाँध, गोलाकार जलाशय केही निर्माण भएको छ। वृक्षारोपण, लुम्बिनी विकास कोष, जापानीज बुद्धिष्ट फेडेरेशन, श्री ५ को सरकार र पुरातत्व विभाग गरेर पुरातत्व उत्खनन् भएको छ। सिद्धार्थ कुमारको खास जन्मस्थलमा विशेष शिला राखिएको पत्ता लागेको छ।

२) अन्तर्राष्ट्रिय विकास क्षेत्र सांस्कृतिक केन्द्र क्षेत्र अन्तर्गत केन्द्रीय नहर, सडकको निर्माण भई ३१ प्लट जग्गा वितरण भएकोमा १६ प्लटमा विभिन्न बौद्ध देशहरू र संस्थाहरूबाट विभिन्न विहार, स्तूप निर्माण भैरहेको छ। पुस्तकालय र म्युजियम निर्माण गरी संचालन भैरहेका छन्।

३) लुम्बिनी ग्राम अन्तर्गत हाइस्कूल भवनको जग, श्रीलंका तीर्थयात्री, विश्राम गृह, होक्के होटलको संचालन, मिकामा होटलको निर्माणाधीन, केही कर्मचारी आवास भवन, विश्व शान्ति स्तूप आदिको निर्माण भएको छ। यसबाहेक मैत्रीपुल, १५० टेलिफोन लाइन वितरण, ३९ जातका ६२० लाख बिरूवा वृक्षारोपण गरिएको छ।

**लुम्बिनी विकास कार्यमा देखा परेका समस्या, कमजोरी र केही सुझावहरू :**

लुम्बिनी विकास गुरुयोजना अनुसार कामहरू अगाडि बढाउने क्रममा कैयौं समस्याहरू, कमजोरीहरू देखा परेका छन्। यहाँ केही मुख्य समस्याहरू निराकरणका केही उपायहरू संक्षिप्तमा चर्चा गरिएको छ।

**१) आर्थिक श्रोत साधनको अभाव :**

गुरुयोजनाको पूरा लागत निकै ठूलो रकम, भएकोले नेपालका संस्थाहरू र सरकारले मात्र आर्थिक साधनको व्यवस्था गर्न निकै गाह्रो देखिन्छ। यसको लागि अन्तर्राष्ट्रिय रूपमा नै श्रोत साधनको परिचालन गर्नुपर्दछ। लुम्बिनी विकास कोषलाई सरकारले वार्षिक अनुदान दिने रकम निकै कम देखिन्छ। अनुदान रकम वृद्धि गरिनुपर्दछ।

**२) सरकारको प्राथमिकतामा नपर्नु :**

लुम्बिनी गुरुयोजना अनुसार निर्माण गर्नुपर्ने विभिन्न इकाईहरूको निर्माण कार्यमा सरकारले आवश्यक प्राथमिकता दिन सकेको छैन। विभिन्न मन्त्रालय र विभागहरूले आ-आफ्नो कार्यक्रममा सडक, संचार बिजुली, नहर, भवन आदि निर्माण कार्यलाई समावेश गरी वार्षिक बजेटमा रकमको व्यवस्था गर्न

सकेमा योजना अनुरूप निर्माण गतिलाई अगाडि बढाउन सकिन्छ ।

**३) अन्तर्राष्ट्रिय सहयोगमा कमी :**

लुम्बिनी गुरूयोजना तर्जुमा र प्रारम्भिक कार्यान्वयनमा यु.एन.ओ. लगायत अन्तर्राष्ट्रिय दातृसंस्थाहरू र देशहरूको सहयोग पर्याप्त देखिएको थियो । तर पछि आएर यसमा न्हास भएको देखियो । गत २०५५ को मार्ग १५, १६ मा विश्व बौद्ध शिखर सम्मेलन लुम्बिनीमा सुसम्पन्न भएकोमा यसले अन्तर्राष्ट्रिय सहयोगमा बृद्धि गरिनुपर्ने कुरामा प्रतिबद्धता देखाइएको हर्षको कुरा भएको छ । यसको लागि नेपालले अझै बढी मात्रामा विश्वसनीयता जगाउनुपर्ने देखिन्छ ।

**४) पदाधिकारीहरूको बरावर फेरबदली हुनु :**

लुम्बिनी विकास कोषका पदाधिकारीहरू छोटो समयमा सरकार परिवर्तनको साथै बरावर फेरबदल भइराख्नाले काम गर्ने वातावरणमा प्रतिकूल असर परेको देखिन्छ । अत: लुम्बिनी विकास कोषको व्यवस्था अनुसार ५ वर्षको पूरा अवधिको कार्यकाल व्यवहारिक रूपमा लागु गर्नुपर्ने नितान्त आवश्यक छ ।

**५) दक्ष जनशक्तिको अभाव :**

गुरूयोजना अनुरूप व्यवस्थित ढङ्गवाट योजना क्षेत्रमा कार्य सम्पादन गर्न योग्य, दक्ष, कार्यकुशल जनशक्ति तयार गर्न वरावर तालिम, कार्यशाला गोष्ठी आदिको आयोजना गर्नुपर्दछ ।

**६) आम्दानीका श्रोतहरू परिचालन गर्न नसक्नु :**

लुम्बिनी क्षेत्रमा हाल आम्दानीका श्रोतहरू पर्याप्त रूपमा देखिंदा पनि हालसम्म श्रोत परिचालन गर्न सकिएको छैन । लु.वि.को. को ध्यान यसतर्फ गएको छ । लुम्बिनी क्षेत्रभित्र प्रवेश वा सेवा शुल्क लगाउने, बस पार्किङ्ग शुल्क लगाउने विभिन्न बिहार, गुम्बा आदि क्षेत्रको लिज रकम बृद्धि गर्ने आदि कार्यक्रम लागु गर्न सकिएमा लु.वि.को. लाई वर्षेनी करिब ५० लाखको आम्दानी बृद्धि हुने देखिन्छ ।

**७) लुम्बिनीको सुरक्षा सम्बन्धी समस्या :**

सम्पूर्ण योजना क्षेत्र ठूलो भएको र चारैतिर बार-बन्धन, पर्खालको राम्रो व्यवस्था नहुँदा विभिन्न रूपमा अतिक्रमण भइरहेको छ । केही वर्ष अघि जापानी बौद्ध भिक्षु नौवातामेको दु:खद् हत्या भएको थियो । अत: यसको लागि पूरा बार-बन्धन, पर्खाल आदिको निर्माण योजना बनाउनुपर्ने आवश्यक भैसकेको छ । साथै प्रवेशद्वारमा कडा सुरक्षा व्यवस्था पनि गरिनुपर्ने देखिन्छ ।

**८) स्थानीय जनसहभागिताको अभाव :**

लुम्बिनीको विभिन्न विकास निर्माण कार्यमा स्थानीय जनसहभागिताको अभाव र रूचि पनि कम देखिन्छ । हाल यसतर्फ लुम्बिनी विकास कोषले विभिन्न कार्यक्रमहरू स्थानीय गा.वि.स. निकाय आदिसित मिलेर संयुक्त रूपमा संचालन गरेको छ । यो प्रक्रिया अगाडि बढाउनु लाभप्रद हुनेछ ।

अन्तमा, भगवान बुद्धको पावन जन्मस्थल विश्वभरिका बौद्ध र शान्तिप्रेमीहरूको पवित्र तीर्थस्थल मात्र नभई विश्व शान्तिको मुहान, पर्यटक स्थल, पुरातात्विक, ऐतिहासिक एवम् सांस्कृतिक महत्वको स्थल समेत भएको हुँदा यसको विकासमा सिंगो राष्ट्रकै विकास प्रतिबिम्बित हुन्छ ।

लुम्बिनीमा वर्षेनी विदेशी र स्वदेशी गरी करीब एक लाख तीर्थयात्रीहरू आउँछन् । विश्वका ३ अर्व बौद्धहरूमध्ये एक प्रतिशत मात्र लुम्बिनी आए ३ करोड सख्यामा पुग्दछ । यसले विदेशी मुद्रा आर्जनमा उल्लेखनीय बृद्धि हुन गई राष्ट्रको आर्थिक विकासमा ठूलो टेवा पुग्न जाने कुरामा विश्वस्त हुन सकिन्छ ।

क्षेत्रीय दृष्टिकोणले पनि लुम्बिनी र गण्डकी अञ्चलको क्षेत्रको आर्थिक विकासको लागि प्रमुख मेरूदण्ड नै हुन सक्दछ । लुम्बिनी, कपिलवस्तु, भैरहवा, बुटवल, देवदह, रामग्राम, तानसेन, पोखरा बौद्ध चक्रपथको रूपमा विकास गरेर लुम्बिनी दर्शनार्थ आउने यात्रीहरूलाई यस क्षेत्रका सम्पूर्ण बौद्ध र अन्य स्थलहरूमा घुमाउन सकिने हुन्छ । लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानघाटको निर्माणपछि त यस क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारको रूपमा बिस्तार एवम् विकास गर्न सकिने प्रशस्त संभावना रहेको छ । अत: लुम्बिनी गुरूयोजना यथाशीघ्र पूरा गर्न राष्ट्रकै ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ ।

# कपिलवस्तुको पीडा



**नारायणप्रसाद पौडेल**

कमजोर घरको छोराले छरछिमेकमा ज्याला-मजदुरी गरेर परिवार पाल्छ । मुग्लान, अरब वा कोरियातिर गई कमाई गरेर विदेशी मुद्रा पठाउँछ र घर चलाउँछ । नेपालका गाउँघरको चलन यस्तै छ । २ हजार ५ सय वर्षपहिले एक राति अकस्मात् घर छाडेर परदेशिएको छोराले अहिले पनि विश्वका विभिन्न देशबाट विदेशी मुद्रा पठाउँदैछ । घर चलाउन सघाउँदैछ । त्यो छोरो हो गौतम बुद्ध । उसको घर हो कपिलवस्तु । तर दुःखका साथ भन्नुपर्छ- गौतमबुद्धले पठाइदिएको त्यो रकम बीचैमा हराउँछ, कपिलवस्तुसम्म पुग्दैन । आफ्नै सन्तानले कमाएको कमाइबाट कपिलवस्तु बञ्चित छ । त्यसैले कपिलवस्तु सधैं चिन्तित र पीडित छ । कपिलवस्तुको यो चिन्ता र पीडा कसले बुझ्ने ?

गौतमबुद्ध सिंगो नेपालका सन्तति हुन् । कहिल्यै नअस्ताउने एशियाका तारा हुन् । धर्मावलम्बीहरूका भगवान् हुन् । भौतिकवादीहरूका दार्शनिक हुन् । योगीहरूका गुरु हुन् । त्याग, तपस्या र समर्पणका नायक हुन् । सामाजिक न्याय र समानताका प्रतीक हुन् । सामाजिक जागरण अभियानका अभियन्ता हुन् । विश्वशान्तिका अग्रदूत र मानवअधिकारका प्रणेता हुन् । अहिंसा, दया, क्षमा र करूणाका खानी हुन् । उनलाई कुनै एउटा जिल्ला, क्षेत्र र देशको सीमामा बाँध्न सकिँदैन । तर सकिँदैन भन्दैमा उनको घरलाई उजाड बनाएर उनका नाउँमा आएको रकम अन्यत्र दुरूपयोग गर्न पनि पाइँदैन ।

लुम्बिनी, गौतमबुद्ध जन्मको पवित्र तीर्थस्थल हो । कपिलवस्तु, सांख्ययोग दर्शनका प्रणेता कपिलमुनिको तपोभूमि, कनकमुनि र क्रकुच्छन्द बुद्धको जन्मस्थल तथा गौतमबुद्धले २९ वर्षसम्म जीवन बिताएको ठाउँ हो । शाक्य वंशीय राजा शुद्धोदनको राजधानी पनि हो । देवदह गौतमबुद्धको मावली र ससुराली हो । रामग्राम गौतमबुद्धको आठौं अस्थीधातु राखिएको स्तूप हो । यी सबै ठाउँ उत्तिकै पवित्र, महत्त्वपूर्ण, दर्शनीय छन् र पूजनीय पनि छन् । अशोक स्तम्भ र स्तूपले यसको प्रमाण पेश गरेका छन् । ती ऐतिहासिक र पुरातात्त्विक स्तम्भ, स्तूप र स्मारकले कुन स्थानको कति महत्त्व छ भन्ने सन्देश पनि दिएका छन् । तत्कालीन मगध नरेश, चक्रवर्ती सम्राट अशोक (ई.पू. २५१-२४५) ले स्तम्भ र स्तूप निर्माणद्वारा दिएको सन्देश र सङ्केत हामीले अझै बुझ्न नसकेका हौं कि, बुझेर पनि बुझ पचाएका हौं ? यो चाहिं खोजीकै विषय भएको छ ।

लुम्बिनी प्राचीन कपिलवस्तुकै भूभाग हो । प्राचीन कपिलवस्तु र कोलीय राज्यको सीमा रोहिणी नदी लुम्बिनीभन्दा पूर्वमा हुनु त्यसको दह्रो प्रमाण हो । तर यहाँका शासकहरूले अन्तर्राष्ट्रियस्तरबाट बर्सेनि बुद्धका नाउँमा आउने रकम काठमाडौं र लुम्बिनीमा पोखेर कपिलवस्तुलाई उपेक्षा गर्नाले कपिलवस्तुको अपमान हुन गएको छ। बुद्धले पठाएको रकम उनकै घरमा पुगेको छैन। छोराले पठाएको रकम पहिले उसका घरमा पुऱ्याएपछि अनि अरूले बाँडिचुँडी लिनु जायज हुन्थ्यो । यहाँ त्यही भएन । अन्याय भयो ।

अहिलेको संसारमा पौने २ अर्ब बुद्ध धर्मावलम्वीहरूको जनसंख्या रहेको अनुमान छ । त्यो बाहेक गौतमबुद्धको दर्शन, विचार, जन्मस्थल र क्रीडास्थलको वर्तमान अवस्थाका बारेमा अध्ययन र अनुसन्धान गर्न चाहने, तत्कालीन सभ्यता खोज गर्न चाहने, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्त्विक एवम् पर्यटन प्रवर्द्धनका लागि प्रत्यक्ष अवलोकन गर्न चाहनेको संख्या पनि कम छैन । त्यो संख्याको वार्षिक दुई प्रतिशत मात्र पर्यटक भित्र्याउने हो र तिनले

प्रतिव्यक्ति ३ सय डलर मात्र खर्च गर्ने हो भने त्यो रकमले हाम्रो सिगो नेपाल पालिन सक्छ। अर्थात गौतमबुद्धका नाउँमा आएको रकम त्यसै क्षेत्रको संरक्षण, दिगो विकास र प्रचारप्रसारमा लगाउने हो भने कपिलवस्तुले सिगो नेपाल पाल्न सक्छ। नेपालले कपिलवस्तुका लागि लगानी गर्नुपर्दैन, तर पनि त्यतातिर सम्बन्धित निकायले समुचित ध्यान दिएको पाइदैन।

कपिलवस्तुविना बुद्ध र बुद्धविनाको कपिलवस्तु कसैले कल्पना पनि गर्दैन। लुम्बिनीविनाको कपिलवस्तु र कपिलवस्तुविनाको लुम्बिनीको पनि कसैले कल्पना गर्न सक्दैन। तर जुन कुरा वा कामको कसैले कल्पना पनि गर्न सक्दैन, त्यही काम यहाँ हुने गरेको छ। एकीकृत विकासमा विभाजन ल्याइएको छ। यसले हाम्रो विश्वसनीयतामा शंका उत्पन्न गराएको छ। जानेर हो वा नजानेर, अन्तर्राष्ट्रियस्तरमा भ्रम फैलाउनेलाई झन् सजिलो बनाइदिएको छ।

लुम्बिनी-कपिलवस्तु बचाऔं अभियानको अथक अभियान र प्रयास तथा अन्तर्राष्ट्रिय दातृराष्ट्रको व्यापक दबाबपछि सन् १९९६ मा लुम्बिनी विकास कोषको क्षेत्र विस्तार गरी कपिलवस्तुका तिलौराकोट, कुदान, गोटिहवा, निग्लिहवा, सिसहनीया, सगरहवा र नवलपरासीको रामग्रामलाई पनि समावेश गरियो। कागजमा समावेश गरेपनि व्यवहारमा फेरि पुरानै संस्कार दोहोऱ्याइयो। कपिलवस्तुको अपमान गरियो।

सन् १९९७ मा इटालीको नेपल्समा बसेको विश्वसम्पदा समितिको बैठकले लुम्बिनीलाई विश्वसम्पदा सूचीमा समावेश गऱ्यो। त्यसपछि कपिलवस्तुको तिलौराकोटसहित रामग्रामलाई पनि विश्वसम्पदा सूचीमा समावेश गर्ने प्रयास जारी छ। लुम्बिनीलाई समावेश गर्ने प्रस्ताव गर्दा कपिलवस्तु र रामग्रामलाई पनि सँगै लगिएको भए अहिलेसम्म त्यो काम पूरा भैसक्थ्यो। कतैबाट अवरोध पनि आउने थिएन। सरकारी अदूरदर्शिताको पीडा अहिलेसम्म कपिलवस्तुले खेपिरहेको छ। यस्तो पीडा अझै कति खेप्नुपर्ने हो ?


**हार्दिक शुभकामना**

तमूहरूको महान पर्व नयाँवर्ष
**तो ल्होसार**को उपलक्ष्यमा सम्पूर्ण
तमू बन्धुहरूमा सुख, शान्ति,
आरोग्य र दीर्घायुको
**हार्दिक मङ्गलमय शुभकामना !**

**बौद्ध सदन गुम्बा**
फेदीखोला-२, स्याङ्जा



**हार्दिक शुभकामना**

नयाँ वर्ष **तो ल्होसार**को उपलक्ष्यमा
देश-विदेशमा रहेका सम्पूर्ण तमूहरूमा
सुख, शान्ति, ऐश्वर्य र आरोग्यको
**हार्दिक शुभकामना !**

*काजीमान गुरुङ*
अंगरक्षक

**बौद्ध परियत्ति मौरी समूह**
फेदीखोला-२, स्याङ्जा

# लुम्बिनीको आर्थिक महत्त्व

**नेपालीलाई समृद्ध बनाउन लुम्बिनी एउटै पर्याप्त छ । त्यसमाथि सगरमाथा पनि भएकाले हामी आधा समयमै अरू जत्तिकै समृद्धि बन्न सक्छौं ।**

- गोविन्दबहादुर थापा

बौद्ध धर्मावलम्बीका निम्ति गौतम बुद्धको जन्मस्थल लुम्बिनी कति महत्त्वपूर्ण रहेछ भन्ने हालै श्रीलंकाका राष्ट्रपतिको लुम्बिनी भ्रमण र त्यसपछिको उनको अभिव्यक्तिबाट स्पष्ट हुन्छ । लुम्बिनी पुगेपछि उनले भने 'मेरो बाल्यकालदेखिको इच्छा बल्ल पूरा भयो' । उनले निजी दश हजार अमेरिकी डलर (साढे सात लाख नेपाली रूपैयाँ) लुम्बिनीमा चढाए । लुम्बिनीप्रति श्रद्धावान् मुलुकमा श्रीलंका मात्र होइन । श्रीलंका त थोरै जनसंख्या भएको दक्षिण एशियाको सानो विकासशील मुलुक हो । त्यहाँको कुल जनसंख्याको ठीकैको अंशमात्र बौद्ध धर्मावलम्बी छ । जापान जस्तो विश्वको विकसित र समृद्ध मुलुक पनि बौद्ध धर्मावलम्बी हो । जापानको जनसंख्या धेरै छ । त्यसको ठूलो हिस्सा बौद्ध धर्माबलम्बी छ ।

कोरिया, सिंगापुर, थाइल्याण्ड, भियतनाम, क्याम्बोडिया, लाओसजस्ता दक्षिण पूर्व एशियाली मुलुकमा लुम्बिनीप्रति श्रद्धावान् ठूलो जनसंख्या छ । विभिन्न मुलुकबाट लुम्बिनीमा निर्मित गुम्बाहरू यसका प्रमाण हुन् । झण्डै डेढ अर्ब जनसंख्या पुग्न लागेको चीन पनि लुम्बिनीलाई श्रद्धा गर्ने मुलुक हो । त्यसैगरी अमेरिका, युरोप तथा अस्ट्रेलियामा बौद्ध धर्मावलम्बीको संख्या ठूलो छ । अर्थात् विश्वमा झण्डै दुई अर्ब मानिस बौद्ध धर्मावलम्बी होलान् । ती सबैले श्रद्धा गर्ने स्थल लुम्बिनी नेपालमा छ । नेपालजस्तो अविकसित मुलुकका निमित्त यो ठूलो पूंजी हो । तर यति महत्त्वपूर्ण पूंजीलाई पनि हामीले जनता र मुलुकको हितमा अहिलेसम्म पनि उपयोग गर्न सकेका छैनौं । यो लाजमर्दो विषय हो ।

यो 'मार्केटिंग'को अर्थात् बोल्नेको पिठो बिक्ने र नबोल्नेको चामल पनि नबिक्ने जमाना हो । आफ्नो वस्तु सेवा वा ठाउँको विशेषताको जानकारी स्वदेश र विदेशमा बढीभन्दा बढीको कान र आँखामा पुऱ्याउन अरू मुलुकले अर्बौं डलर खर्च गरिरहेका छन् । प्रचारकै भरमा विनाकामका वस्तु, सेवा र ठाउँ देश विदेशका उपभोक्ताबीच लोकप्रिय भएका छन् । दुनियाँका गरिखाने सबै मुलुकले यसै गरेका छन् । नेपालले भने विश्वका करिब दुई अर्ब जनताले थाहा पाएको, अत्यन्त श्रद्धा गर्ने र जीवनमा एक पटक पुग्ने अभिलाषा राखेको पवित्र स्थल भएर पनि अहिलेसम्म त्यसबाट खासै फाइदा लिन सकेको छैन । यो नेपालीको कमजोरी हो । वास्तवमा उस्तैको हात परेको भए लुम्बिनी एउटैले सबै नेपालीलाई समृद्ध बनाउने थियो ।

नेपालमा त अझ विश्वको सर्वोच्च शिखर सगरमाथा पनि छ । ताल र हिमताल छन् । नदी, झरना, जैविक विविधता आदि अनेकौं छन् । यी सबैको अत्यन्त ठूलो महत्त्व छ । ती कुनैलाई पनि हामीले अहिलेसम्म हाम्रो हितमा उपयोग गर्न सकेका छैनौं । यी हाम्रा समृद्धिका यस्ता स्रोत र आधार हुन् जसलाई अहिलेसम्म पहिचान र उपयोग गर्न सकिएको छैन । 'कौडीमा पनि मिल्कन्छ भिल्लका देशमा मणि' भनेको यही हुनुपर्छ । खुशीको विषय चाहि हाम्रा समृद्धिका स्रोत, आधार र सम्भावना जीवितै छन् । लुम्बिनी आफ्नो ठाउँमा छ र सगरमाथा पनि आफ्नै ठाउँमा छ । यिनलाई नेपाल र नेपालीबाट खोस्न कसैले पनि सक्ने छैन । हामी ढिलोमात्र भएका हौं । त्यसैले गरिब भएका छौं ।'

हिजो हिन्दू राज्यको धर्म बनाइएको थियो । त्यसैले पनि लुम्बिनीप्रति राज्यले दिनुपर्ने जति ध्यान दिन नसकेको हुनसक्छ । अब त्यो स्थिति छैन । त्यसैले अब लुम्बिनीतर्फ राज्यको विशेष ध्यान जानु जरुरी छ । दुनियाँमा संयुक्त राष्ट्र संघका महासचिवले भ्रमण गरेका नेपालजस्ता मुलुक धेरै छैनन् । त्यसको मूल कारण लुम्बिनी हो । त्यसैले संसारको विभिन्न भागबाट त्यहाँ सोझै पुग्न सकिने मार्गको विकास, अन्तर्राष्ट्रिय

स्तरको होटल सुविधा, स्तरीय र पर्याप्त यातायातको प्रबन्ध तथा आन्तरिक सडक निर्माण, स्वच्छ पिउने पानी, हरियाली र पर्यावरण संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ। यस्तै शान्ति, सुरक्षा, दूर संचार र स्वास्थ्य सेवा, स्तरीय उपभोग्य वस्तु र सेवाको विकास र व्यवस्था गरी त्यसको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार अर्थात् मार्केटिङ्ग गर्नुपर्दछ।

यति गर्न सकेमा नेपाल र विशेष गरी लुम्बिनीमा विश्वभरबाट धार्मिक तथा अन्य पर्यटकको ओइरो लाग्नेछ। तिनको लागि यातायात, आवास, खानपिन, संचार, स्वास्थ्य सेवा, किनमेल, पथप्रदर्शक, दोभाषे आदिको प्रबन्ध मिलाउँदा लाखौं नेपालीले प्रत्यक्ष अप्रत्यक्ष रोजगारी पाउनेछन्। त्यसैगरी आवास, यातायात खानपिन, संचार, किनमेल आदिबाट अर्बौंको कारोबार हुनेछ। त्यो सबै पैसा लगभग सबै नेपालीकै हातमा पर्नेछ। त्यसबाट राज्यले वर्षमा करोडौं रूपैयाँ राजश्ववापत प्राप्त गर्नेछ। नेपाल राष्ट्र बैंकले उल्लेख्य मात्रामा विदेशी मुद्रा पाउनेछ।

चीन, भारत, भियतनाम आदि मुलुकले गरेको उच्च दरको आर्थिक बृद्धि आय र रोजगारीका अवसर सिर्जना गर्ने क्रियाकलापको विकास र विस्तारबाटै सम्भव भएको हो। नेपालले आफ्ना नागरिकलाई संसारभर मजदुरी गर्न पठाएर त्यसबाट आउने रेमिटेन्समा गर्व गर्ने हैन लुम्बिनीका रूपमा प्राप्त अपार सम्पदाको सदुपयोग गर्नुपर्दछ। नेपालीलाई समृद्ध बनाउन लुम्बिनी एउटै पर्याप्त छ। त्यसमाथि सगरमाथा पनि भएकाले हामी आधा समयमै अरू जत्तिकै समृद्धि बन्न सक्छौं।


## हार्दिक शुभकामना

नयावर्ष तो ल्होसारले देशवासीहरूमा सुख, शान्ति र समृद्धि ल्याइदेओस् राजनीतिक पार्टीका नेताहरूलाई सहमति गरेर अघि बढ्ने सद्बुद्धि देओस् र संविधान लेखन समयमै पूरा गरियोस् यही

शुभकामना !

हाङसुब्बा गुरुङ

पोखरा

## हार्दिक शुभकामना

गौरवशाली तमूहरूको महान पर्व नयाँवर्ष तो ल्होसारको सुखद् उपलक्ष्यमा देशभित्र र बाहिर रहेका सम्पूर्ण तमू दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति र वैभव ल्याइदेओस् र देशमा सहमतिको वातावरण ल्याइदेओस् भन्ने

हार्दिक शुभकामना !

रसकुमारी गुरुङ

रानीपौवा, पोखरा-११

# उत्खनन र विकासको पर्खाइमा रहेको देवदह

- तिलकमान गुभाजु

लुम्बिनी विकास कोष अन्तर्गत महत्त्वपूर्ण तीन स्थलहरू छन् । तीमध्ये सिद्धार्थ गौतम बुद्धको जन्मस्थल लुम्बिनी एक हो भने अर्को उनले आफ्नो गृहस्थ जीवनको २९ वर्ष बिताएको तथा उनको पिताजी राजा शुद्धोदनले शासन गरेको शाक्य गणराज्य कपिलवस्तु हो । तेश्रो उनको मावली तथा ससुराली राज्य कोलिय या देवदह हो । यी तीनै स्थल भगवान बुद्धको जीवनसँगै प्रत्यक्ष सम्बन्धित क्षेत्र हुन् । त्यसैले यिनीहरू धार्मिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय लगायत अन्य दृष्टिबाट पनि अत्यन्तै महत्त्वको मानिन्छन् । तर यिनीहरूको महत्त्व जेजसरी प्रस्फुटन हुनुपर्ने हो, त्यो भएको छैन । यिनीहरूको राम्ररी विकास गरिएमा विश्वका लाखौं बौद्धहरू र शान्तिको चाहना गर्नेहरू यी बौद्ध स्थलहरूको दर्शन अवलोकन गर्न आउने निश्चित छ । विश्वका प्रत्येक बौद्ध आफ्नो जीवनमा एक पटक लुम्बिनी लगायतका क्षेत्रको दर्शन अवलोकन गर्न चाहन्छन् । यस हिसाबले पनि यहाँ आउन चाहनेहरूको संख्या आकलन गर्न सकिन्छ । जसबाट पर्याप्त विदेशी मुद्रा आर्जन हुन सक्ने सम्भावना छ । आर्थिक विशेषज्ञ एवम् पर्यटनविदहरूका अनुसार नेपाल र नेपालीलाई समृद्ध पार्न एउटै लुम्बिनी क्षेत्र पर्याप्त छ ।

यस्तो महत्त्वपूर्ण सम्भावना बोकेको स्थल भएतापनि यी स्थलहरू "भिल्लेका देशमा मणि..." भने जस्तै भएर रहेका छन् । यिनीहरूको समुचित विकासमा न सरकारको ध्यान गएको छ, न कि लुम्बिनी विकास कोषले नै केही गर्न सकेको छ । त्यसमा पनि कोलिय राज्य देवदह अरू उपेक्षित छ । लुम्बिनीमा दुईपटक राष्ट्रिय सम्मेलन र दुईपटक विश्व बौद्ध शिखर सम्मेलनको आयोजना गरिए । कपिलवस्तुमा एक पटक राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गरिएको थियो । तर देवदहमा त्यस्तो ठूलो सम्मेलन आदि एक पटक पनि भएको छैन । इतिहास विशेषज्ञहरू तथा पुरातत्वविद्हरूको ध्यान पनि यहाँ त्यसरी गएको छैन । यत्तिसम्म कि बौद्ध विद्वानहरूको कलम पनि देवदह राज्यको विषयमा त्यति चलेको छैन । यी सबै दृष्टिबाट भन्न सकिन्छ कि देवदह अत्यन्त पिछडिएको छ, उपेक्षित छ ।

कोलरूखहरू धेरै भएका र ती रूख फडानी गरी राज्य बसालेकाले त्यसलाई कोलिय राज्य भनिएको हो । बुद्धकालीन अवस्था भन्दा धेरै पहिले कोलिय राज्य स्थापना भएको थियो । त्यस राज्यमा राम्रो र अति महत्त्वपूर्ण दह थियो । जसमा देवताहरू पनि नुहाउन आउँथे । देवताहरू नुहाउन आउने दह भएको राज्य भएकाले त्यसलाई देवदह भनिएको हो । बुद्धकालीन अवस्थामा देवदहमा कोलिय राजकुमारका अतिरिक्त, कपिलवस्तुका शाक्य राजकुमारहरू पनि त्यहाँ क्रीडा गर्न जान्थे । वरपरका ठूलाबडाहरू पनि त्यहाँ नुहाउन जान्थे । रामग्रामको नामबाट पनि त्यसको चिनारी भएको देखिन्छ । बुद्धका अस्थि प्राप्त गरेको रिकर्डमा "रामग्रामका कोलियहरू" भन्ने उल्लेख छ । अस्थिधातु युक्त चैत्यको निर्माण र सम्राट् अशोकले यहाँको अस्थितधातु नझिकिकन फर्केपछि यसको चर्चा अरू बढ्यो । पहिलो पटक बुद्धका अस्थिधातु राखी निर्माण भएका प्राचीनतम् दशवटा चैत्यमध्ये आजतक मौलिक रूपले रहेको यही एक चैत्य हो । त्यसैले पनि यसको महत्त्व र ख्याति अरू बढ्दै गएको हामी पाउँछौं ।

प्राचीनतमको हिसाबले कपिलवस्तु र कोलिय राज्यको अवस्था उस्तै उस्तै देखिन्छ । ओक्काकको पालादेखि कपिलवस्तु राज्यको निर्माण भयो भने उनकै दिदी सुप्रियाबाट कोलिय राज्य बनेको देखिन्छ । यी दुई राज्यका कुलपुत्र र कुलपुत्रीहरू बीच परस्पर वैवाहिक सम्बन्ध रहँदै आएको पनि रमाइलो कुरा छ । पछि राजा शुद्धोदनले पनि कोलिय कन्याहरू मायादेवी र प्रजापति गौतमीसँग विवाह गरेका थिए भने उनका छोरा युवराज सिद्धार्थ गौतमले पनि त्यहीका राजकुमारी यशोधरासँग विवाह गरेका थिए । यिनीहरूका बीच राम्रो आवत-जावत थियो र घनिष्ठ सम्बन्ध थियो ।

रोहिणी नदीको पानीको बाँडफाँड सम्बन्धमा

एक पटक यी दुई देशबीच तनाव उत्पन्न भयो । तनाव बढ्दै गएर युद्धको स्थितिमा पुग्यो । त्यसरी युद्धको लागि तैयार भएका कपिलवस्तुवासी र कोलियहरूलाई भगवान बुद्धले ज्यादै महत्त्वपूर्ण प्रश्न सोधे । उनले सोधे- मानिसको रगतको मूल्य ठूलो कि पानीको मूल्य ठूलो ? सबैले मानिसको रगतको मूल्य ठूलो भनी जवाफ दिएपछि उनले फेरि प्रतिप्रश्न गरे-मानव रगतको मूल्य ठूलो हो भने त्यो त्यति ठूलो मूल्य पर्ने कुरा थोरै मूल्य पर्ने पानीको लागि किन बर्बाद गर्न गइरहेका छौ ? यो प्रश्न सबैका सामु तेर्स्याएर उनले ती दुई राज्यका बीचको सम्भावित युद्ध रोक्न सफल भएका थिए ।

प्राचीन कोलिय राज्य व्यापारिक दृष्टिबाट पनि महत्त्वपूर्ण थियो । त्यसबेला यो यस्तो व्यापारिक केन्द्र थियो कि यहाँभएर छिमेकी राज्यका सामान यताउता जाने गर्दथ्यो । पाँचौं शताब्दीमा फाहियानले र सातौं शताब्दीमा हुयन साङ्ले देवदह रामग्रामको यात्रा गरेका थिए । फाहियानले देवदह लुम्बिनी ग्रामबाट पाँच योजन पूर्व भनेका छन् भने हुयान साङ्ले २०० लि. पूर्व भनेका छन् । उनीहरू दुवैले रामग्राम स्तूप देखेका र स्तूपको नजिकै एउटा विहार भएको वर्णन गरेका छन् ।

त्यस्तो महत्त्वपूर्ण राज्य भएतापनि अहिले त्यसको राम्ररी पहिचान भएको छैन । प्राचीन देवदह समायोजन गर्न खोज्दा निश्चित रूपले त्यसको महत्त्वपूर्ण र धेरै भाग नवलपरासी जिल्लामा पर्दछ । त्यसको केही भाग वर्तमान रूपन्देही जिल्लामा पर्दछ भने केही भाग अन्त परेको पनि हुन सक्दछ । इतिहासकारहरूले बुटवलको पुरानो नाम बुद्धवली भएको उल्लेख गरेका छन् । बुद्धवली, बुटौली र त्यसपछि बुटवल भएको उनीहरूको तर्क छ । उनीहरूले बुद्धवली भनेको बुद्धको मावलीको अर्थमा लिएका छन् । बौद्ध शास्त्रहरूले रोहिणी नदीलाई कपिलवस्तु र कोलिय राज्यको सीमा नदीको रूपमा लिएका छन् । सीमा नदी भएकोले त्यसको पानीको बाँडफाँड सम्बन्धमा कपिलवस्तु र कोलिय राज्यको बीच विवाद भएको चर्चा पहिले भइसकेको छ ।

एशियाटिक सोसाइटीका डा. होय भन्ने पुरातत्ववेत्ताले फाहियान र हुयान साङ्को यात्रा वर्णलाई दिग्दर्शनको रूपमा लिएर उत्खनन् गर्ने क्रममा सन् १८९८ मा देउरिया गाउँको झरिया खोलाको किनारामा रामग्राम स्तूप पत्ता लगाएका थिए । कपिलवस्तु र लुम्बिनीको उत्खनन् पश्चात भएको रामग्रामको उत्खननलाई ठूलो उपलब्धिको रूपमा लिइएको थियो । त्यसपछि सन् १९६४ मा कोलम्बो प्लानका प्रोफेसर डा. एस.बी. देवले "रामग्राम स्तूप परासी बजारदेखि तीन माइल दक्षिण-पूर्व रहेको ३० फिट अग्लो र ७० फिट गोलाकारको ढिस्कोको रूपमा रामग्राम स्तूपको फोटो" प्रकाशित गरेका थिए ।

नेपालका पुरातत्वविद् बाबुकृष्ण रिजालले सन् १९७९ मा Archaeological Remains of Kapilvastu, Lumbini and Devadaha किताब लेखेका छन् । त्यस्तै इतिहासकार भुवनलाल प्रधानले पनि तिनै विषयमा किताब लेखेर त्यही बेला तिनीहरूको यथार्थ चिनारी गराउनमा सघाएका थिए ।

नेपालका पुरातत्ववेत्ता शुक्रसागर श्रेष्ठले एक दशक पहिले रामग्राम स्तूपको उत्खनन् गरेका थिए । तर बजेटको अभावमा त्यो उत्खनन् पूरा भएको छैन । त्यस्तै उनले देवदहको पहिचान गर्ने क्रममा पण्डितपुर भन्ने ठाउँमा पनि उत्खनन् गरे । त्यहाँ पर्याप्त प्राचीन कुराहरू देखा परेका छन्, तर त्यो पनि पूरा भएको छैन ।

नेपाल सरकार र लुम्बिनी विकास कोषले देवदहतिर त्यति ध्यान दिएर ठोस काम कुरा नगरेको भएता पनि स्थानीय मानिसहरू आफ्नो ठाउँको विकासका लागि केही जागरूक भएका पाइएको छ । उनीहरूले यस क्षेत्रमा आफ्नो सीमित साधन प्रयोग गरेर तथा यताउताबाट केही ल्याएर भएपनि केही गर्न खोजेका छन् । जुन कुरा देवदह गाविसमा पस्नासाथ देखिन्छन् ।

देवदह गाविसमा प्राचीन देवदह मन्दिर छ । स्थानीय स्तरबाट त्यसको संरक्षण भैरहेको छ । त्यसको नजिकै टुक्रिएको ढुङ्गाको स्तम्भ गाडिएको अवस्थामा देख्न सकिन्छ । त्यसलाई स्थानीय मानिसहरूले अशोक स्तूप भन्ने गर्दछन् । त्यसको नजिकै प्राचीन इनार फेला पारिएको छ । त्यस इनार खन्दा प्राचीन सिक्का फेला पारिएका थिए । अहिले दर्शनार्थी एवम् अवलोकनकर्ताहरूको गन्तव्यस्थल मुख्यतया यही देवदह र रामग्राम स्तूप भएका छन् ।

त्यसको आसपासमा धेरै दर्शनीय स्थलहरू छन् । वैरीमाई र कन्यामाई भन्ने छुट्टाछुट्टै धार्मिक स्थल

छन् । वैरीमाई र कन्यामाईमा रहेको प्राचीन ढुङ्गाको मूर्तिलाई महामायादेवी र प्रजापति गौतमीका मूर्ति भन्ने गरिएको छ । ती मूर्तिहरू त्यसैको छेउमा रहेको खोलामा पाइएको हो र त्यस खोलाबाट ल्याएर वर्तमान स्थानमा ल्याई संरक्षण गरेको स्थानीयहरू बताउँछन् । त्यहाँ सामान्य काँडेतार लगाएर राखिएको छ ।

त्यसको आसपासमा एउटा प्राचीन रूख छ । जुन सधैं हरियो भैरहन्छ । त्यस रूखमा चराचुरुङ्गीहरू गुँड लगाउदैनन् भन्ने पनि भनिन्छ । त्यतिमात्र होइन, त्यसको छायामा हात्तीहरू जाँदैनन् भन्ने पनि गरिन्छ । त्यस्तो विशेषता बोकेको प्राचीन त्यो रूख हेर्न पनि मानिसहरू जाने गर्दछन् । वास्तवमा त्यो रूख पनि त्यहाँको एउटा विशेषता भएको छ ।

यस्तो विशेषता बोकेको ठाउँहरू त्यहाँ धेरै छन् । यताउता जता गएपनि प्राचीन इँटाहरू देखिन्छन् । भग्नावशेषहरू भेटिन्छन् । तिनीहरू सबै उत्खननको प्रतीक्षामा छन् । तर उत्खनन् भएको छैन । जसको कारणबाट यथार्थ पहिचान हुन सकिरहेको छैन । एकातिर स्थिति यस्तो छ भने अर्कोतिर अतिक्रमण बढ्दो छ । मानव बस्ती बढ्दै गएको छ । उत्खननयोग्य ठाउँमा सुकुम्बासीहरू बस्दैछन् । उनीहरूको सख्या बढ्दैछ ।

अर्कोतिर भारतले प्राचीन देवदह आफूतिर भएको प्रचार गर्दैछ । उनीहरूले आफ्नो ठाउँमा उत्खनन् गरी त्यसको प्रचारप्रसार गरिरहेका छन् । तर नेपाल सरकार मौन छ र सरकारले गर्नुपर्ने काम गरेको छैन । जसको कारण देवदहको अस्तित्व नै खतरामा पर्ने हो कि भन्ने आशंका पनि बढेको छ ।

यी सबैको परिप्रेक्ष्यमा हेर्दा देवदहमा केही न केही गर्नुपर्ने टड्कारो देखिन्छ । त्यहाँ गएर बस्ने बास छैन । कसैले विहार आदि बनाउन लागे इजाजत दिइँदैन । तर गैर कानुनी किसिमले घर बनाएर बस्ने अतिक्रमणकारीलाई भने त्यहाँ रोकतोक छैन । यो क्रम धेरै वर्षदेखि चलेको छ । तर अब ढिलो गर्ने बेला छैन । सरकारले होस् या लुम्बिनी विकास कोषले होस्, या अन्य कुनै बौद्ध संघसंस्थाले होस्, देवदह क्षेत्रमा तत्काल ध्यान दृष्टि पुऱ्याउनुपर्दछ र एउटा गुरुयोजना बनाएर काम शुरू गर्नुपर्दछ ।

◇◇◇


# शुभकामना

तमूहरूको महान पर्व नयाँवर्ष
**तो ल्होसार**को उपलक्ष्यमा सम्पूर्ण
तमू बन्धुहरूमा सुख, शान्ति,
आरोग्य र दीर्घायुको
**हार्दिक मङ्गलमय शुभकामना !**

लामा गुप्ति गुरुङ

**सङ्घा छोयलिङ गुम्बा**
सराङ्कोट, पोखरा

# शुभकामना

नयाँ वर्ष **तो ल्होसार**को उपलक्ष्यमा
देश-विदेशमा रहेका सम्पूर्ण तमूहरूमा
सुख, शान्ति, ऐश्वर्य र आरोग्यको
**हार्दिक शुभकामना !**

**सुखवती बौद्ध गुम्बा परिवार**
सुखवतीघाट (राईघाट)
पोखरा-१

# किन "लाइट अफ एसिया" मात्रै

– निर्मलमणि अधिकारी

"द लाइट अफ वर्ल्ड भन्नाले जिसस क्राइस्टलाई बुझिन्छ भने लाइट अफ एसिया भन्नाले कसलाई बुझिन्छ-" विद्यालयस्तरमा पढ्दा हाजिरीजवाफ प्रतियोगितामा पटक-पटक सोधिने यो प्रश्नको जवाफमा "भगवान् बुद्ध" भनेर "ठीक" उत्तर दिई कति पटक पुरस्कार जितियो ! अहिले पनि थुप्रै उसरी नै जवाफ दिइरहेकै छन् । जस्तो पढाएको छ उस्तो ! यसरी सामान्य तवरले हेर्दा कुरा स्पष्ट नै छ कि "लाइट अफ वर्ल्ड"-जिसस क्राइस्ट र "लाइट अफ एसिया"-भगवान बुद्ध । तर पर्खनोस्, कुरो यति सामान्य मात्रै छैन । यी दुई व्यक्तित्वलाई चिनाउन प्रयोग गरिएका दुईवटा उस्तै-उस्तै खालका उपमाहरू बीचमा रहेको भिन्नताले ठूलो अर्थ बोक्छ । सोझो हेराइमा सामान्यजस्तो लाग्ने, तर यसो विचार गर्नासाथ मैसो पाइहालिने भिन्नताको पेटबोली वा आशय हेर्दाखेरीमा के देखिन्छ भने येशू खिष्ट (जिसस क्राइस्ट) चाहिं "संसार"कै ज्योति हुन् र बुद्धचाहि "एसिया"का मात्र ज्योति ! क्या कमाल !!

यहाँ नबुझिएको कुरो चाहिं के हो भने कुन त्यस्तो कारण छ कि कुन कसीमा जाँदा जिसस क्राइस्ट "संसारका ज्योति" ठहरिने, तर भगवान बुद्ध एसियास्तरका मात्र ज्योति ठहरिने ! कुन तराजु हो त्यो जोखेर ठ्याक्क पत्ता लगाउने ! दुई पृथक् कालखण्डका महान बिचारकहरूलाई यसरी दाँजेर धूर्तपूर्वक 'ठूलो' र 'सानो' बनाउने कार्य प्रच्छन्न तवरले यहाँ भएको छ । कुनै एउटा पश्चिमा लेखकले बुद्धको जीवनी लेख्ने क्रममा किताबको शिर्षकमा राख्यो- "बुद्ध: द लाइट अफ एसिया" र हामी चाहिं यसैलाई आधार मानेर त्यो उपमा सर्लक्कै स्वीकार गर्ने ! उसले किताब लेख्दाखेरीमा जानी-बुझी धूर्ततापूर्वक नै त्यसो गरेको पनि हुन सक्छ र अन्जानैमा भावुकतावश त्यस्तो भएको हुन पनि सम्भव छ । तर, एकातिर एउटा धर्मको प्रवर्तकलाई ठूलो आकारको विश्वव्यापी स्तरको 'ज्योति' भनेर अर्को एउटा धर्मको प्रवर्तकलाई चाहि अल्लि साँघुर्‍याएर एसियाली स्तरको मात्र 'ज्योति' भन्नु सरासर धूर्तता हो, र त्यस उपमालाई लाटोबुङ्गो झैं सहजै स्वीकार गर्नेहरू हामी मूर्ख । ◊◊◊


## हार्दिक शुभकामना

नयाँ वर्ष तो ल्होसार-२०६६ को उपलक्ष्यमा देश-विदेशमा रहेका सम्पूर्ण तमूहरूमा सुख, शान्ति, ऐश्वर्य र आरोग्यको हार्दिक शुभकामना !

गोपाल लामा
सभापति
नेपाल लामा संघ केन्द्रीय कार्यालय

**टासी छ्योलिङ गुम्बा**
बुद्ध शान्तिमार्ग, पोखरा-१०

## हार्दिक शुभकामना

नयावर्ष तो ल्होसार-२०६६ ले देशबासीहरूमा सुख, शान्ति र समृद्धि ल्याइदेओस् राजनीतिक पार्टीका नेताहरूलाई सहमति गरेर अघि बढ्ने सद्बुद्धि देओस् र संविधान लेखन समयमै पूरा गरियोस् यही शुभकामना !

**मनोकामना पेट्रोल पम्प**
बुद्धचोक, पोखरा

# लुम्बिनीको सम्मानमा
# लुम्बिनी दिवस र लुम्बिनी सम्वत्

*सम्यक संबोधि प्राणपुत्र*

हाम्रो देश बुद्ध जन्मभूमि भनेर विश्व प्रख्यात हुनुमा हामी सबैलाई गर्व छ चाहे ऊ बौद्ध होस् वा अबौद्ध । बुद्ध जन्मभूमि भएको लुम्बिनी बौद्धहरूको आस्थाको केन्द्रविन्दु र देशवासीहरूको माया गाँसिएको राष्ट्रिय सम्पत्ति हो ।

तर बुद्धको जन्मदिनमा मनाइने बुद्धजयन्ती बारे गलत सूचना प्रसारित हुन्छ । यो हो त्रिसंयोग परेको २५५३औं बुद्ध जयन्ती भनेर । बुद्धको जन्म, ज्ञानलाभ र परिनिर्वाण तीनै घटना वैशाख पूर्णिमाको दिन संयोग पर्न आएको हो । तर २५५३ औं बुद्ध जयन्ती मात्र उल्लेख गर्दा जन्म पनि २५५३ को वैशाख पूर्णिमा, ज्ञानलाभ पनि २५५३ को वैशाख पूर्णिमा, परिनिर्वाण पनि २५५३ को वैशाख पूर्णिमा हो । त्यसैले उहाँको आयु मात्र एक दिन हो भन्ने गलत अर्थ लाग्छ । कालगन्तीले जन्म भएको २६३३ वर्ष, ज्ञानलाभ गर्नुभएको २५९८ वर्ष र परिनिर्वाण भएको २५३३ वर्ष भएको छ । यसै २५५३ परिनिर्वाण वर्षलाई नै बुद्धसम्वत्‌को मान्यता दिएको छ ।

बुद्धजयन्ती भनेको जन्मदिनमा मनाइने उत्सव भएकोले बुद्धजयन्ती भनेे तापनि कालगन्ती भने २५५३ अर्थात मृत्यु वर्ष नै प्रयोग गरेर गलत सन्देश दिने गरिन्छ । त्रिसंयोगको अर्थ नबुझ्नेहरूले २५५३ नै बुद्धजन्म वर्ष मान्ने गर्दछन् । यसैले लुम्बिनीप्रतिको माया, देशप्रतिको गर्व र सही इतिहासलाई मान्नुपर्ने हुनाले २६३३ औं बुद्धजयन्ती मनाउनुपर्छ भनी सुधारको आवाज उठाइएको हो ।

तर गाउँकाहरूले सदरमुकामको, सदरमुकामहरूले राजधानीको मुख ताक्ने, राजधानीकाहरूले विदेशको मुख ताक्ने भएकोले २५५३ लाई २६३३ गर्नमा खास सुधार हुन सकेको छैन । अब यी सबैको समाधानको लागि, विशेषगरी विदेशको मुख ताक्नेहरूका लागि एक महत्त्वपूर्ण जानकारी प्राप्त भएको छ ।

## लुम्बिनी दिवस

२०५५ सालमा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनमा गरिएका घोषणाहरू मध्ये बुद्धजयन्ती विषयक घोषणा यस प्रकार थियो-

Lumbini Declaration of the World Buddhist Summit, Lumbini, Nepal.

December 2, 1998.

2. We resolve that the Internaitonal community of Buddhist and peace loving people of the world adopt Nepal's declaration of Lumbini as the Foundation of World Peace and the Holiest Pilgrim Centre of the Buddhist and peace loving people of the world. We, hereby, take upon ourselves the task of sharing in the efforts of His Majesty's Government of Nepal,. We do, therefore,

vii. request His Majesty's Government of Nepal to declare Vaishaka Purnima (Full Moon day of May) the "Lumbini Day" and organize appropriate spiritual and cultural activities to increase the awareness of the significances of the holy site.

उपरोक्त सूचना उपलब्धकर्ता प्रा. छत्रराज शाक्य, पाल्पा (तत्कालीन कोषाध्यक्ष, लुम्बिनी विकास कोष) बाट गरिएको अनुवाद-

**२. हामी अन्तर्राष्ट्रिय बौद्ध समुदाय र विश्वका शान्तिप्रिय जनताहरूले लुम्बिनीः विश्वको शान्तिको मुहान एवं विश्वका शान्तिप्रिय जनता र बौद्धहरूका पावन तीर्थस्थल भनी गरिएको नेपाल घोषणालाई अनुमोदन गर्दछौं । अतः श्री ५ को सरकारको प्रयासमा हामीहरू सहभागी बन्नेछौं । अतः हामी निम्न कार्य गर्नेछौं-**

**२.७ श्री ५ को सरकारलाई वैशाख पूर्णिमा (मे**

**महिनाको पूर्णिमा) लाई "लुम्बिनी दिवस" को रूपमा घोषणा गर्न र पावन स्थलको महत्त्वबारे जनचेतना बृद्धि गर्न उचित आध्यात्मिक एवम् साँस्कृतिक गतिविधि आयोजना गर्न हामी अनुरोध गर्दछौं ।**

आजभन्दा ११ वर्षअघि नै बुद्धजयन्तीलाई लुम्बिनी विश्व दिवस भनी गरिएको घोषणा अनुसार लुम्बिनीका विहारहरूले २५५३औं बुद्धजयन्ती तथा लुम्बिनी दिवस भनी मनाउने गर्दछन् । तर पनि २५५३ वर्ष न बुद्धजयन्ती हो न लुम्बिनी दिवस नै हो । विश्व शिखर सम्मेलन जस्तो उच्चस्तरीय र अन्तर्राष्ट्रिय संस्थाहरू अरू पाउन सकिदैन । यसैले विश्व बौद्ध शिखर सम्मेलनले त्रिसंयोग परेको बुद्धजयन्ती वा बुद्धपूर्णिमा वा वैशाख पूर्णिमालाई एउटै संयोग जन्मलाई मात्र स्वीकार गरी लुम्बिनी दिवस मनाउने घोषणा गरेको मात्र होइन सरकारलाई पनि सो अनुसार कार्य गर्न अनुरोध गरेको छ । अतः त्यति ठूलो सम्मेलनबाट गरिएको त्यति ठूलो घोषणालाई गौरवसाथ स्वीकार गरी अब त्रिसंयोग परेको बुद्धजयन्ती, वैशाख पूर्णिमा, बुद्ध पूर्णिमा नभनी आगामी वर्षहरूमा जन्मवर्षको हिसाबले सरल ढङ्गले २६३४ औं लुम्बिनी दिवस मनाऔं ।

## लुम्बिनी सम्वत

उपरोक्त घोषणामा सरकारलाई पवित्रस्थल लुम्बिनी बारे जनचेतना जगाउन उचित आध्यात्मिक तथा सांस्कृतिक कार्यक्रमको आयोजना गर्न अनुरोध गरिएको छ । सबैभन्दा सरल र उत्तम आध्यात्मिक तथा सांस्कृतिक कार्यक्रम भनेको लुम्बिनीको सम्मानमा लुम्बिनी दिवसलाई लुम्बिनी सम्वत्‌को रूपमा स्वीकार गरी मान्यता दिनु नै हुनेछ ।

बुद्ध जन्मभूमि लुम्बिनीप्रति गौरव गर्दै लुम्बिनी सम्वत्‌लाई व्यवहारिक सम्वतको रूपमा मान्यता दिलाउन सकेमा देशको इज्जत बढ्नुको साथै आफ्नै स्वदेशी सम्वत् पनि पाइनेछ ।

तर लुम्बिनीमा बुद्धको जन्म पनि वैशाख पूर्णिमामा भएको कारणले यो पनि तिथिमा नै आधारित छ । थाइलेण्डमा बुद्धसम्वत्‌लाई सौर्य प्रणालीमा परिणत गर्न १ जनवरीबाट शुरू गरी व्यवहारिक बनाएको शिक्षा लिन सकिन्छ । यसैले लुम्बिनी सम्वत्‌लाई व्यवहारिक बनाउन सौर्य प्रणालीमा परिणत गर्नुपर्छ । यसको लागि १ वैशाख, १ जनवरी वा १ मे गरी ३ विकल्पमध्ये मे १ देखि शुरू गर्न सकिएमा सबैभन्दा उत्तम विकल्प हुने देखिएको छ । साथै महिना पनि परिवर्तन गर्न परेमा बुद्धको मूलभूत सिद्धान्त प्रतीत्यसमुत्पाद, जसलाई जन्ममरण वा कालचक्रको सिद्धान्त भनिन्छ, अनुसार परिवर्तन गर्न सकिन्छ । जस्तै- अविज्जा - May, संखारा - June, विञ्ञाण - July, नामरूप - August सलायतन - September, फस्स - October, वेदना - November तण्हा - December, उपादान - January, भव - February, जाति - March जरामरण - April ।

मे १ देखि नयाँ बर्ष शुरू गर्न सकिएमा तीन फाइदा पाउन सकिन्छ । जस्तै - मे १ अन्तर्राष्ट्रिय मजदुर दिवस भएको नाताले विश्वका सारा श्रमजीविहरूको माया पाउन सकिनेछ । भगवान बुद्धको जन्म दिनसँग सम्बन्ध भएकोले विश्वका बुद्धशिक्षा अनुयायी तथा शान्तिप्रिय विश्व समुदायको माया पाउन सकिनेछ । देशको आफ्नै सम्वत् भएकोले व्यवहारिकता र स्वाभिमानसँग सम्बन्ध हुने हुनाले सारा देशवासीको माया पाउन सकिनेछ ।

यसैले देशका सारा श्रमजीवि, देशभक्त र स्वाभिमानी नागरिकहरूले मे १ देखि शुरू हुने गरी लुम्बिनी सम्वत्‌को मान्यता दिलाउन तथा प्रचलनमा ल्याउन सरकार, लुम्बिनी विकास कोष आदि सम्बन्धित निकायलाई अनुरोध गरिएको छ ।

बनोस् देश अग्रगामी होस् जनता लोकतान्त्रिक

त्रिरत्न शरण
साधु साधु साधु

# Negative Impact of Industrialization along Lumbini Road, Nepal

- Ven. Vivakananda
Panditarama Meditaton Centre, Lumbini

## INTRODUCTION

Lumbini, the Birthplace of Buddha, and a UNESCO World Heritage Site is a destination point for both pilgrims and visitors from Nepal, and around the world. As a world heritage site, Lumbini is the pride of Nepal and a major source of revenue for the Government of Nepal. It could become a major embarrassment.

The route from Bhairahawa to Lumbini has been for many years a verdant region of fertile farmland with plantings in the paddy fields of rice, wheat, various vegetables, and mustard. We still see farming, but rapid change is creating an extremely endangered region.

Triveni Distillery (2053), Reliance Paper Mills (2053), and Jagadamba Cement Industry Pvt. Ltd. (2058) were among the first factories to be established in Kamhariya VDC, Semari VDC, and Gonaha VDC 7 of Rupandehi District, Nepal. Since then a total of 24 factories have established in Gonaha VDC 6, 7, 8 and Kamhariya VDC 3-6, eleven of which are cement factories, and two steel factories. 46% of all factories established in the seven VDCs are cement factories-a very high concentration. At present Ambe Cement and Maihar Cement are applying to set up two more cement factories. Within just 13 years this area-seven VDC's - has changed from an agricultural region around a world heritage site to an industrial park. We have become an industrial corridor. No doubt, the industrial enterprises in Gonaha VDC 6-8 and Kamhariya VDC 3-6 were established because there is a demand for cement, steel, flour, noodles, garments and the like. These industrial enterprises definitely contribute to the revenue of this economically depressed region and to the Government of Nepal. We would never underestimate the need of the people who live here. However, do we want this rapid economic development to have such an impact? We must consider what this will do to the entire area of Lumbini - the people and the entire environment including: archaeology, pilgrimage, traffic, peace, and social stability for the region. This article focuses on industrialization along the Lumbini Road in particular the far reaching consequences of cement production. The purpose of the following presentation is to alert the general public to the serious and far-reaching consequences facing us all. We must ask what can we do ?

## Cement Production

The existence of a 33 kV power line supplied by NEA, water, a road, proximity to India where most of the raw materials come from, cheap land and labor are some of the factors that have contributed to the setting up especially of cement factories in the area.

A report by the confederation of Indian Industry (CII) is very outspoken about the environmental impact of cement production. Producing one ton of cement requires about 2 tons of raw materials (shale and limestone) and releases approximately

1 ton of $CO_2$, about 3 kg of NOx (nitrogen oxide, an air contaminant that contributes to ground level smog) and 0.4 kg of PM 10 (an air borne particulate matter that is harmful to the respiratory tract when inhaled). After aluminum and steel the manufacturing of Portland cement is the most energy intensive process as it consumers 4GJ of energy in electricity, process heat and transfer.

## Impact of Air Quality

11 cement factories with an aggregate installed annual production capacity of 2,493,000 MT potentially emit, 2,493,000 tons of carbon dioxide ($CO_2$), 7,479 tons of nitrogen oxides (NOx) and 997 kg of PM 10. Photos recently taken in the area clearly show substantial ground level smog. One of the major air polluters in the area is Reliance Cement Pvt. Ltd. Himalayan Snacks and Noodles factory regularly burns waste materials without employing the least pollution control measures.

## Impact on Surface Water

The Lumbini Road Industrial Corridor in Gonaha VDC 6-8, and Kamhariya VDC 3-6 is located between the Dano River and Tinau River.

A number of factories do not treat their waste water and discharge it directly into nearby creeks and rivers. Examples are:

Reliance Cement Pvt. Ltd. Channels its untreated waste water (washing/mixing water, cement slurry) directly into the Dano River. Himalayan Snacks and Noodles factory discharges untreated effluent into the surrounding area.

River water polluted by industrial effluent is a hazard to human beings, domestic animals and wildlife, and even agriculture.

## Impact on Ground Water

Heavy industry is likely to need huge amounts of ground water. This is likely to lead to a drop in the ground water level making it more difficult for the local population to cover its needs for water. Heavy water consumption for industrial purposes may even lead to a depletion of the ground water in the area. According to researcher Dr. Gitu Giri some local farmers have already complained about a drop in the ground water level.

## Impact on Soil

The resume of a paper entitled "effect of volatile cement dust on the soil properties surrounding the area around cement factories" presented by L. O. Morghom, N.A. Karid, H.A. Sreiweel, and Y.A. Soliman at the 11th International Cement Conference in Tunis-Hammamet (13-16 November, 2000) states the following. **"Cement dust produced by cement manufacturing process is considered one of the most hazardous pollutants, which affects the surrounding environment.** This dust is produced as a by-product of the cement manufacturing process. It can be volatized at all manufacturing states. The effect of cement dust on the chemical properties of neutral soil of the area surrounding Zileation, Leibda, Almergib, and Suok-Alkamis are studied in this paper. Soil samples for each factory have been taken at the four coordinates, North, South, East and West at different distances on radius vector equal to 20 $km^2$ from the emission sources. Positive significant correlation was found between the distance from emission sources in km and the percentage of the loss on ignition (LOI) R=+0925372 while ($P<0.001$). In addition, negative significant relation

found between the distance from emission sources in km and each of the following: Silica (R=0.805332;P<0.001), Calcium (R=-0.896365, P<0.001), Potassium (R=-0.574468; P<0.001) an the pH (R=-0.663435; P<0.001). **Cement dust could form a solid layer, which prevent water absorption from the soil surface.** In addition to that, **most of the cement dust compositions are of non-dissolvable materials.** The different soil properties between the surface and deep soil were produced. **There is significant increase of (LOI) between surface soil (19.73%) and deeper soil at 20cm deep (4.102%),** were the confident limit is higher than (P<0.001). There is significant increase of calcium content of surface soil (23.56%) than that of deeper soil 10.56% with confident limit of (P<0.001). Also there is significant increase of iron content of the surface soil as compared with the deeper soil 3.86% with confident limit (P<0.001). Elevated level of potassium were found in the surface soil (1.53%) when compared with the soil at 20cm depth (0.24%); with confident limit (P<0.001). From the previous finding, it could be concluded that the values of LOI, Silica, Potassium and Calcium could be used as indication for the level of environment pollution of the area surrounding the cement factory. By using this category it could be found that higher pollution to surroundings environment are Zileation, Leibda, Suok-Alkamis, and Almergib cement factory respectively."

## Impact on Health

There is a general consensus that industrial production and especially cement production causes a number of respiratory and cardiac diseases ranging from occupational lung diseases, to asthma, lung cancer, chronic obstructive pulmonary disease (COPD), coronary artery disease, heart failure, heart-rhythm problems to eye irritation.

Health information reported by the Government of Canada and many other international agencies like the World Health Organization shows that air pollution from industrial production can lead to a range of respiratory and other diseases among the general population living within the range of deposition of effluent from such enterprises. Therefore, the health of students attending Semari Lower Secondary School and Shree Guruwani Mai Lower Secondary School in the vicinity of Reliance Cement Factory and Jagdamba Cement respectively is undoubtedly at serious risk. District Public Health Officer Shankar Prasad Gautam from Madhubani VDC has stated that winds blowing from the east to the west carry cement dust all the way to Lumbini, a distance of 11+km. Dr. James Heller, a health policy consultant and epidemiologist from Canada, confirms that air pollution in the form of particulate matter discharged by industry takes a heavy toll on the health of the workers and the surrounding general public in the form of lung diseases, including asthma, silicosis, chronic obstructive pulmonary disease, lung cancer, as well as heart and eye diseases, etc. The costs of this burden of illness would include lost years of life and income, health care costs, and quality of life related costs. Beyond the toll on human health, there will also be corresponding impacts on domestic animals and food production.

## Impact on Traffic

The Lumbini Road was originally built by King Mahendra around 1956 to provide pilgrims a direct access to Lumbini.

With the establishment and operation of 24 major factories in the Lumbini Road Industrial Corridor the need for raw materials and dispatch of manufactured goods has increased. The number of industry-related heavy trucks, especially from India has increased tremendously and is effectively causing traffic congestions. Indian trucks delivering raw materials to Jagadamba Cement Industry Pvt. Ltd. line up on the narrow road leaving very little space for other vehicles to pass. Bridges over the Ghaghra River and Tinau River are narrow and single-lane. With vehicles approaching from both sides and competing for the right of way many traffic jams have occurred. In order to control the traffic Nepal Police has to station one traffic police officer in the area the annual cost of which amounts to NRs. 168,000.

"The local stone crushers and trucks carrying boulders and other source of noise and air pollution apart from causing traffic jam along the road to Lumbini," said local environment engineer K.R. Dahal who is doing his PhD in the environmental aspect of local Tinau River.

According to him, about 800 heavy trucks carry sand and boulders from Tinau River across the Nepal border to India via Bhairahawa every day, which is not only creating traffic jam but it is also responsible for the environmental degradation in Lumbini and surrounding areas (Ram Humagai, Lumbini Facing the Brunt of Environmental Degradation, June 05, 2009).

Due to the increase in traffic and aggressive driving the number of traffic accidents along the Lumbini Road, some are even fatal, has increased tremendously.

## Impact on Pilgrims

Prior to the industrialization traffic jams along the Lumbini Road were very rare. With the recent and rapid industrialization along the Lumbini Road all of this has changed. Frequently pilgrimage groups end up in a traffic jam and thus loose precious time for their visit to Lumbini.

Several thousands of Hindu devotees worship Shankar Shiva at Prakateshwor Mandir during the month of Srawan (July). The air pollution caused by nearby factories directly affects these Hindu pilgrims.

## Impact on Population

Industrial development must be healthy and sustainable economically, socially, and environmentally. It is possible for industrial developers, government departments and the banks supporting this investment to treat such decisions in purely short term economic terms. This is ad hoc development, responding to the presence of a good road, but without thought of estimating and planning for consequences in all spheres. At a macro-level, this kind of rapidly imposed development is harmful to health but also to social stability, as it replaces patterns of community relations and interactions which are centuries old in a far too short period of time. Not to mention the impact on Lumbini's sacred qualities. On a micro-level, the lack of planning or the bad planning (without provision for loading and unloading yards) has long lines of trucks parked on the road.[1] It is important not to be against development but for well rounded sustainable human and social development going hand in hand with economic development.[2] When interviewed by journalist Pralad Yadav and social activist Moti Lal Yadav locals near

the newly established factories have stated that they sold their land not being told that it would be turned into a factory. Some of them have turned into lowly paid factory workers.

1. Personal communication with Prof. Herb Stovel, Member of the World Heritage Committee, July 20th, 2008
2. Personal communication with Prof, Herb Stovel, Member of the World Heritage Committee, August 4th, 2008.

## Impact on Archaeology in Lumbini Area

Air polluting substances (particulate matter, carbon dioxide, nitrogen oxides and other pollutants) emitted by the factories in Gonaha VDC 6-8 and Kamhariya 3-6 are likely to damage the Lumbini Ashoka pillar with its inscription and the archaeological remains at the World Heritage Site Lumbini and other archaeological sites. Historic stone structures in Europe, notably the Cathedral of Seville, Spain, have been damaged by air pollution in a manner similar to what is occurring at the ruins of the great Maya cities in Mesoamerica. This is what we will experience shortly.

## Impact on Flora

The effect of Sulphur Dioxide ($SO_2$) on beans and tomatoes is very sever, Sulphur dioxides enter the stomata directly and the plant cells in the mesophyll. It converts to sulphite and later to sulphate.

Nitrogen dioxide ($NO_2$) causes suppressed growth in beans and tomatoes.

The impact of air pollution and dust pollution on local crops, forests, and natural vegetation has to be studied.

## Impact on Fauna

Polluting industries within the Lumbini Road Industrial Corridor are already threatening the habitat of the Sarus Cranes (grus antigone). Sarus Cranes, which are mostly migratory, are protected by Nepal National Parks and Wildlife Conservation Act, 1973. They face a high risk of extinction in the wild due to loss of habitat and various types of pollution, including industrial. Gonaha VDC 6-8 and Kamhariya VDC 3-6 which is along the Lumbini Road - is designated by Bird Life International as an International Bird Area. Here cranes, storks, and vultures breed, incubate and fledge their young. Rajendra Suwal, a well-known environmentalist and protector of Sarus Cranes stated in a telephone interview on November 2nd that the factories, road traffic, and agriculture using pesticides are destroying the habitat of the Sarus Cranes that live in this area. The future of the Sarus Crane alone is tied to the quality of its habitat.

## Impact on Employment

The factories are providing employment to Nepalese and Indian nationals.

## Impact on Public Infrastructure (Roads and Bridges)

The Lumbini Road was originally designed as a light-weight road. The drastic increase of industry-related 20-30 ton trucks has caused much damage to the Lumbini Road. Subsequent road repair work will cost the Road Department dearly. The single lane bridges over the Ghaghra River and the Tinau River are designed for light traffic. The heavy trucks transporting steel bars, coal, shale and limestone, cement and other goods might cause the bridges to collapse one day.

## Impact on Regional Tourism Plan

"The (Kenzo Tange) Master Plan for the Development of Lumbini requires the integration with the Regional Development Plan of Gandaki-Lumbini area and also provides impact on the future development of the Lumbini sub-regional tourism" (Master Plan for the Development of Lumbini, Phase II, final report, Kenzo Tange & Uretc, March 1978, p.19). Instead of travelling through a peace corridor tourists and pilgrims travelling from Bhairahawa to Lumbini are confronted with the dark sides of rapid and heavy industrialization, for sure not a pleasant experience. The negative impact of over 24 major industrial enterprises in the seven VDCs along the Lumbini Road on the Gandaki-Lumbini regional tourism plan has been widely ignored.

## Impact on Administrative Processes

The Government of Nepal, especially the Ministry of Tourism and Civil Aviation and the Ministry of culture, is doing it's very best to develop and promote Lumbini. By encouraging the establishment of industry in the closest vicinity of Lumbini the Ministry of Industry with its line agencies (Department of Industry in Tripureshwor and the District Cottage and Small Industry Office in Bhairahawa) and industrialists are directly threatening the very existence of the World Heritage Site Lumbini. The Ministry of Environment is not protecting the World Heritage Site Lumbini as it is supposed to do according to its mandate as stated in the Nepal Environment Protection Act, 1997. This lack of coordination among the responsible government ministries is detrimental to Lumbini. According to the Nepal Environment Impact Assessment applications handed in prior to the establishment of a new factory. Yet, the Ministry of Industry has taken over this function which amounts to a serious conflict to interest. The main interest of the Ministry of Industry is to encourage the establishment of factories in the country. Environment concerns are of very little interest to the Ministry of Industry. The initial Environment Examination (IEE) and Environment Impact Assessments submitted by new industry applicants do not contain detailed plans that address the likely impacts to the health of workers and the local public and to the environment arising from their operations. Nor do they describe how potential impacts will be monitored, the frequency of monitoring and reporting to regulators and the local community, and the mitigation strategies to resolve harmful impacts that arise.

## Possible Infringement of Laws

- According to Narayan Prasad Agrawal, an industrialist, the administration of Rupandehi District has not designated a specific area as an industrial zone.
- Most of the factories operating in the Lumbini Road Industrial Corridor are clearly violating the Nepal Environment Protection Act and related guidelines for the protection of the environment.
- Concerning the Nepal National Parks and Wildlife Conservation Act, 1973, the Sarus cranes are losing their natural habitat because of environment impacts.
- The preamble to the Lumbini Development Trust Act 1985, amended 2003, states the following:

"Whereas is it is expedient to provide for the Lumbini Development Trust in order to present before the people of the world the

commitment of the Government of Nepal to project the goal and ideal of development of Lumbini more effectively and operate the Lumbini Development plan in a more coordinated and smooth manner."

## Future Trend towards an Industrial Park at the Gateway to Lumbini

In just ten years eleven cement factories and thirteen other factories were established in the seven VDCs. Extrapolating this development into the future could mean that the World Heritage Site Lumbini will soon be surrounded by a cement production industrial park creating an environmental catastrophe and threatening the very existence of Lumbini.

## Impact on Future of Lumbini

- If the Industrialization along the Lumbini Road does not get checked soon Lumbini's Ashoka pillar will be surrounded by smoke stacks of many cement factories.
- Is that what we want Lumbini to be like in the future ? Or do we want Lumbini to be in a region of historic Buddhist sites where the environment is well respected ?

## Conclusion

The negative impact caused by factories in the Lumbini Road Industrial Corridor has been described above to some extent. An in-depth study of the negative impact of industrialization involving regular air sampling and testing the quality of water, soil, health etc. is needed.

The Buddha himself had a great respect for the environment. Over many centuries his followers have upheld this attitude towards the environment. Hence, **a clean environment within the Lumbini Development Area stretching from Kapilavasthu in the west to Ramgram in the east is an essential requirement.**

The factories within the Lumbini Road Industrial Corridor no doubt are producing cement, steel, noodles, garments etc because there is a strong demand for these goods. This, however, does not give the factories a free license to threaten the very existence of the World Heritage Site Lumbini, nor to severely threaten the health of the general public, and the integrity of the environment. In pursuing their manufacturing activities, these factories must like up to responsible standards of **Corporate Social Responsibility** to Lumbini, the surrounding population, and the environment.

For years Kathmandu has had major air pollution problems caused by brick kilns and other point source polluters and it has been very difficult to reduce the air pollution. The World Heritage Site Lumbini, the Birthplace of the Buddha, deserves to be free of industrial pollution

Organization : Lumbini Institutions
Place : Lumbini Garden, Nepal
Date : November 20, 2009
Author : Bhikkhu Vivekananda with valuable contributions by Prof. Herb Stovel, Dr. Gitu Giri, Dr. James Heller, Pralad Yadav, Motilal Yadav, Shankar Prasad Gautam, Ven. Bhaddamanika, Ven. Pannavati, Liesel Briggs, David Crespo, Rajendra Suwal, Allan Cooper

# दशौं राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न

धर्मोदय सभाद्वारा आयोजित दशौं राष्ट्रिय बौद्ध सम्मेलन पुस २ र ३ गते भगवान बुद्धको जन्मस्थल पवित्र लुम्बिनीमा सम्पन्न भयो । राष्ट्रपति डा. रामवरण यादवले सम्मेलनको उद्घाटन गर्नुभएको थियो । आफ्नो उद्घाटन भाषणमा उहाँले राजनीतिक पार्टीका नेताहरूलाई पार्टीभन्दा माथि उठेर सहमतिमा आउन आग्रह गर्नुभयो ।

समारोहमा संस्कृतिमन्त्री मिनेन्द्र रिजालले सम्बोधन गर्नुभएको थियो । बौद्ध भातृत्व संघका उपाध्यक्ष तथा संविधान सभासद् पद्मज्योति, श्रीलंका र थाइलैण्डका राजदूतहरूले शुभकामना व्यक्त गर्नुभएको थियो । सभामा धर्मोदय सभाका महासचिव सुचित्रमान शाक्यले प्रतिवेदन, लुम्बिनी धर्मोदय सभाका अध्यक्ष चकोरमान शाक्यले स्वागत भाषण र धर्मोदय सभाका उपाध्यक्ष इन्द्रबहादुर गुरुङले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सभामा राष्ट्रपति डा. यादवले पोखराका तिलकमान गुभाजूलाई "धर्मोदय धम्म सम्मान-२०६६" र नगद रू. २०,०००।- प्रदान गर्नुभयो । गुभाजू 'धर्मचक्षु' बौद्ध मासिकका सम्पादक हुनुहुन्छ । मोफसलका व्यक्तित्वलाई सम्मान गरिएको यो पहिलो हो । यस अघिका बौद्ध सम्मेलनहरूमा काठमाडौं उपत्यकाका दुण्डबहादुर बज्राचार्य, भुवनलाल प्रधान, सुवर्ण शाक्य र भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई सम्मान गरिएको थियो । सभा शुरू हुनुपूर्व मेलवार बुद्धचोकदेखि मायादेवी मन्दिर परिक्रमा गरी धर्मोदय विहारसम्म शान्ति पदयात्राको आयोजना गरिएको थियो ।

दोश्रो दिन बुटवलका देवेन्द्रराज शाक्यले लुम्बिनी र धर्माचरण सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । जसको टिप्पणी भिक्षु कोण्डन्यले गर्नुभएको थियो । तत्पश्चात गोष्ठी चार समूहमा विभाजित गरिएको थियो । राष्ट्रिय जनगणना र बौद्ध जागरण, लुम्बिनी विकास र बुद्ध शिक्षा, धर्मनिरपेक्षता र लोकतन्त्र लुम्बिनी को सुरक्षा र वातावरणमा शिर्षकमा समूह विभाजन गरिएको थियो ।

समापन समारोह धर्मोदय सभाका निवर्तमान अध्यक्ष साङ्गपा रिम्पोछेको सभापतित्वमा सम्पन्न भयो । समारोहमा लुम्बिनी विकास कोषका उपाध्यक्ष कर्म स्याम्पो, धर्मोदय रूपन्देही शाखाका अध्यक्ष विद्यादेवी शाक्यले मन्तव्य, धर्मोदय सभाका उपाध्यक्ष इन्द्रबहादुर गुरुङले घोषणापत्र प्रस्तुत तथा महाचित्र सुचित्रमान शाक्यले धन्यवाद ज्ञापन गरी सम्मेलन समाप्त भयो ।

पोखराबाट पोखरा शाखाका अध्यक्ष उमरध्वज गुरुङको नेतृत्वमा सहभागीहरू उपस्थित भएका थिए । सभामा पोखराका लामा साङ्पा रिम्पोछे, भिक्षु श्रद्धानन्द, लामा गुप्ति गुरुङ र नेपाल लामा संघका महासचिव लामा मिनको समुपस्थिति थियो ।

## लुम्बिनी घोषणा-२०६६

१) राष्ट्रिय जनगणनाको काममा बौद्ध जनजातिलाई समानुपातिक अवसर दिनुपर्ने ।

२) धर्म निरपेक्षताको कार्यान्वयन निष्पक्ष रूपले हुनुपर्ने ।


३) बौद्ध धार्मिक स्थलमा अबौद्ध क्रियाकलाप हुन दिन नहुने ।

४) लुम्बिनीक्षेत्रमा मद्यमांस प्रयोग र त्यसको व्यापार रोक्नुपर्ने ।

५) राष्ट्रमा हिंसा, बलिप्रथा रोक्न उद्यत हुनुपर्ने ।

६) लुम्बिनीको वातावरणलाई विश्वकै मैत्री क्षेत्रको रूपमा विकास गर्नुपर्दछ ।


# लुम्बिनीको झलक




नवनिर्मित स्वयम्भू चैत्य, लुम्बिनी



Nipponjin Myohoji Peace Paogda (Japan)



अखण्ड द्वीप



Lotus Pond International Nunnery (Gautami Temple)

## हार्दिक



राष्ट्रपति डा. रामवरण यादवज्यूबाट सम्मान-पत्र ग्रहण गर्दै तिलकमान गुभाजू

**धर्मचक्षु** बौद्ध मासिक पत्रिकाका सम्पादक **तिलकमान गुभाजू** लुम्बिनीमा २०६६ पुस २ र ३ गते सम्पन्न दशौं राष्ट्रिय बौद्ध सम्मेलनमा **धर्मोदय धम्म सम्मान-२०६६** बाट सम्मानित हुनुभएकोमा हाम्रा सम्पादक गुभाजूलाई हार्दिक बधाइ र शुभकामना व्यक्त गर्दछौं र उहाँको सुख, स्वास्थ्य, उत्तरोत्तर उन्नति र प्रगतिका साथै आरोग्य र दीर्घायुका लागि कामना गर्दछौं ।

**धर्मचक्षु बौद्ध मासिक परिवार, पोखरा**

का.जि.द.नं. २१/६६/६७ प.क्षे.हु.द.नं. १-०६६/६७

# हार्दिक शुभकामना

तमू जातिको १२ वर्ग हुन्छन् । ती वर्ग प्रत्येक वर्ष फेरिन्छन् । वर्ग फेरिनु भनेको नयाँ वर्ष आउनु हो । यस वर्ष वर्ग फेरिएर

**तो (बाघ) वर्ग**

आएको छ । हामी यो नयाँ वर्ष तो ल्होसारको सुखद् उपलक्ष्यमा देश विदेशमा रहेका सम्पूर्ण तमू बन्धुहरूको हार्दिक सुख, शान्ति, उन्नति र प्रगतिको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

## तमू अर्घौं पौवा बौद्ध सदन

बुद्धटोल, लेखनाथ नगरपालिका-२
अर्घौं कास्की

# हार्दिक शुभकामना

पुस १५ गते तमूहरूको महान पर्व ल्होसार प्रारम्भ हुन्छ ।
यस वर्ष वर्ग फेरिएर

**तो (बाघ) वर्ग**

हाम्रोसामु आएको छ । यस तो ल्होसारको महान उपलक्ष्यमा हामी सम्पूर्ण नेपालीहरु तथा तमू दिदीबहिनी दाजुभाइहरुमा हार्दिक सुख, शान्ति, ऐश्वर्य र आरोग्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वीरबहादुर गुरुङ

## WORLD COMMUNCATION

पृथ्वीचोक, पोखरा, फोन: ०६१-५२६३९५

Wondershare PDFelement